का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ चैत २०८१,

शुक्रबार

14 March, 2025

Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक ४० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रेशम–रञ्जिताको छायामा जनमत–उन्मुक्ति एकता

पार्टी एकता गर्ने विषयमा पार्टीभित्र एकमत हुन नसकेको र एकताका लागि साथीहरू तयार नभएपछि तत्काल एकताको सम्भावना भने छैन

**रञ्जिता श्रेष्ठ**
अध्यक्ष, नागरिक उन्मुक्ति पार्टी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच एकीकरणको प्रयास अड्किएको छ ।

मधेश र पश्चिम तराईबाट प्रतिनिधित्व गर्ने जनमत र उन्मुक्तिले एकता प्रक्रिया अगाडि बढाए पनि अवरुद्ध भएको छ । यद्यपि, आगामी निर्वाचनमा मधेशमा पहिचानवादीको निर्णायक शक्ति बन्ने उद्देश्यले पार्टी एकता गर्न लागेको दुवै पार्टीका नेताहरू बताउँछन् ।

प्रतिनिधिसभामा जनमतको ६ र उन्मुक्तिको ४ सिट छ । प्रत्यक्ष १ र समानुपातिकमा ५ सिट जितेर जनमत राष्ट्रिय पार्टी बनेको छ । २ दलबीच एकता भए प्रतिनिधिसभामा उनीहरूको १० सिट हुने छ ।

सुदूरपश्चिम प्रदेशसभामा उन्मुक्तिका ७ सांसद छन् । त्यस्तै, लुम्बिनीमा ४ र मधेशमा १ सांसद छन् । मधेशमा जनमतका १३ र लुम्बिनीमा ३ सांसद छन् । मधेश प्रदेशसभामा जनमतका १४ सांसदसहित एकीकरणपछि पनि चौथो दलका रूपमा रहने छ । लुम्बिनी प्रदेशसभामा पाँचौं र छैटौं स्थानमा रहेका उन्मुक्ति र जनमत एक भए चौथो पार्टी बन्ने छ ।

यी दुवै दलले अहिले सरकारलाई समर्थन गरिरहेका छन् । उन्मुक्ति पार्टी केन्द्रदेखि प्रदेशसम्म सरकारमा सहभागी छ भने जनमत पार्टीले मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको छ ।

तर, दुवै पार्टीबीच एकता गरेर बलियो पार्टी बन्ने तयारी भइरहँदा उन्मुक्ति पार्टीभित्रको विवादले तत्काल एकताको सम्भावना टरेको छ ।

एकीकरणका विषयमा उन्मुक्तिका संस्थापक रेशम चौधरी र उनकी श्रीमती तथा सभापति रञ्जिता श्रेष्ठबीच नै कुरा मिलेको छैन ।

तर, डा. सीके राउत नेतृत्वको जनमत पार्टीले २६ फागुनमा केन्द्रीय कमिटीमार्फत एकीकरण गर्ने औपचारिक निर्णय गर्दै एकीकरणका लागि कार्यदल बनाइसकेको छ । बैठकले उन्मुक्ति पार्टीसहित विचार र सिद्धान्त मिल्नेसँग एकीकरण गर्न ३ सदस्यीय पृष्ठ २ मा

## कहाँ अड्कियो हलो ?

पार्टी एकीकरण गर्ने सन्दर्भमा उन्मुक्ति पार्टीभित्र २ शीर्ष नेताबीच फरक मत देखिएको छ । अध्यक्ष श्रेष्ठ र संरक्षक चौधरीबीच उत्पन्न मतान्तरका कारण एकीकरण पेचिलो बनेको छ ।

चौधरी एकीकरण गर्ने पक्षमा छन् भने श्रेष्ठ सकारात्मक छैनन् । उनीहरू दुवै श्रीमान्-श्रीमती हुन् । उनीहरूबीच उत्पन्न फरक मतका कारण एकीकरण प्रक्रियामा ढिलाइ भइरहेको पार्टीका नेताहरू बताउँछन् ।

नेताहरूका अनुसार संरक्षक चौधरी जनमतका अध्यक्ष राउतसँग एकीकरणबारे निरन्तर संवाद र छलफलमा छन् तर अध्यक्ष श्रेष्ठ एकताको विपक्षमा उभिएकी छन् ।

पार्टी नेताहरूसँगको कुरामा अध्यक्ष श्रेष्ठले पार्टी एकताबारे अनभिज्ञता प्रकट गरेकी छन् । 'राउतको पार्टीसँग एकता गर्ने कुरा आएको छ तर मलाई केही थाहा छैन', उनको भनाइ उद्धृत गर्दै सांसद चौधरीले भने । पृष्ठ २ मा



*होली पर्वका अवसरमा बिहीबार काठमाडौँको वसन्तपुरमा रमाउँदै बालबालिका । तस्बिर : प्रदीपराज वन्त/रासस*

# सीडीओलाई अधिकार थोपर्दै सरकार

**सरकार संविधानले नचिन्ने सीडीओलाई एकपछि अर्को अधिकार दिएर बलियो बनाउँदै छ । सशस्त्र प्रहरी बल परिचालनको अधिकारसमेत सीडीओलाई दिनेगरी कानुन बनाउन खोजिएपछि संसद् तरंगित छ**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

जिल्ला प्रशासन कार्यालय अर्धन्यायिक निकाय हो । निजामती कर्मचारीको नेतृत्वमा रहने यो संयन्त्रले प्रयोग गर्दै आएका कतिपय अधिकारमा प्रश्नहरू छन् किनभने संविधानले जिल्ला प्रशासन कार्यालयको संरचनाको परिकल्पना नै गरेको छैन ।

तर, संविधानले नचिन्ने त्यही जिल्ला प्रशासन कार्यालय र त्यसको प्रमुख प्रमुख जिल्ला अधिकारी (सीडीओ)लाई एकपछि अर्को अधिकार दिएर सरकार बलियो बनाउँदै छ । सशस्त्र प्रहरी बल परिचालनको अधिकारसमेत सीडीओलाई दिनेगरी सरकारले कानुन बनाउन खोजेपछि संसद् तरंगित छ ।

सीडीओ सरकारको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा काम गर्ने प्रशासनिक अधिकारी हो । जिल्लाको प्रशासनिक प्रमुखका रूपमा सरकारको उपस्थितिको प्रतीकका रूपमा रहेको सीडीओले सरकारको नीति निर्देशनभन्दा बाहिर गई काम गर्न सक्ने अवस्थाको परिकल्पना हुन सक्दैन ।

यस कारण सीडीओलाई सरकारवादी चलाइने प्रकृतिका गम्भीर फौजदारी मुद्दा हेर्न पाउनेगरी अधिकार दिएको भनेर कतिपयले आलोचना गरिरहेका बेला सरकारले सशस्त्र प्रहरी परिचालनको अधिकारसमेत दिनेगरी कानुनी प्रवन्धको प्रस्ताव गरेको हो ।

सत्तारूढ दल नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे सीडीओले सशस्त्र प्रहरी परिचालन गर्ने अधिकार पाउन नसक्ने बताउँछन् । सीडीओले सशस्त्र परिचालन गर्नेगरी आएको प्रस्ताव सच्याउनुपर्ने उनको मत छ ।

'यो अर्धसैनिक प्रकृतिको भएको हुनाले यसको परिचालन त्यही ढंगको हुनुपर्छ । लगभग सैनिकसँग मिल्दोजुल्दो ढंगले यसलाई परिचालन गर्नुपर्ने हुन्छ', विधेयकमाथिको सैद्धान्तिक छलफलमा उनले भने ।

प्रमुख प्रतिपक्ष नेकपा (माओवादी केन्द्र)की सांसद विमला सुवेदी सशस्त्रको परिचालनमा सीडीओलाई जोडिए त्यसले राजनीतिक हस्तक्षेप निम्त्याउने बताउँछिन् ।

'सशस्त्र प्रहरीको परिचालन प्रमुख जिल्ला पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कन्सल्टेन्सीहरूलाई वैदेशिक रोजगारीका कुनै काम नगर्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक परामर्शदाताको सेवा दिन स्थापना भएका कन्सल्टेन्सीहरूलाई वैदेशिक रोजगारीका कुनै पनि काम नगर्न निर्देशन दिएको छ । राजधानी तथा राजधानीबाहिरका प्रमुख शहर हरूमा स्थापना भएका अधिकांश कन्सल्टेन्सीले प्रत्यक्ष रूपमा वैदेशिक रोजगारमा पठाउने गरेको लामो समयदेखि गुनासो छ ।

मन्त्रालयले सूचनामा फ्री भिसा, रोजगारीको ग्यारेन्टी वा रोजगारसँग सम्बन्धित डिपेन्डेन्ट भिसा उपलब्ध गराउने प्रलोभन नदिन निर्देशन गरेको छ । वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगार विभागबाट अनुमतिपत्र नलिएका संस्थालाई वैदेशिक रोजगारको सेवा प्रदान गर्न प्रतिबन्ध लगाएको छ । प्रतिबन्धविपरीत कामदार पठाए जेल र जरिमानाको व्यवस्था गरेको छ ।

तर, हाल सामाजिक संजालमार्फत आकर्षक प्रलोभन दिएर अधिकाश कन्सल्टेन्सीले युरोपेली मुलुकमा रोजगार सुनिश्चित भन्दै लाखौं रुपैयाँ लिएर पठाउने गरेका छन् । केही म्यानपावर कम्पनीका संचालक पनि अप्रत्यक्ष रूपमा यस्तो धन्दामा रहेका वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

हाल खाडी मुलुकमा काम गरेर केही कमाएर र सीपसहित फर्केका युवाहरू युरोपका देश जाने योजनामा देखिन्छन् । फेसबुक र सामाजिक संजालमा देखिने माल्टा, साइप्रसलगायतका युरोपेली मुलुकमा आकर्षक जागिरको विज्ञापनले उनीहरू म्यानपावर कम्पनी ठानेर कन्सल्टेन्सीका अफिस पुग्ने गरेका छन् । युरोपेली मुलुकमा कृषिमा जति पनि काम पाइने र त्यहाँ जान पनि १०-१२ लाख रुपैयाँ लाग्ने र २ महिनामै उड्ने कन्सल्टेन्सीले आश्वासन दिएपछि उनीहरूले सुरुवातमै ठूलो रकम र पासपोर्ट सुम्पने गर्छन् ।

तर, ५-६ महिना बितिसक्दा काम नभएपछि कन्सल्टेन्सी पुग्दा त्यहाँ कन्सल्टेन्सी संचालक नभई कर्मचारी मात्र भेटिने गरेका छन् । यसपछि मात्र उनीहरूले म्यानपावर कम्पनी ठानेर रकम बुझाएको संस्था म्यानपावर कम्पनी नभई ठगीका लागि खोलिएको पृष्ठ २ मा

## आश्रित बालबालिकासँग प्रगतिशील मञ्चको होली



**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले बूढानीलकण्ठस्थित पवित्र सेवा समाज नेपालमा आश्रित बालबालिकासँग यस वर्षको फागु पूर्णिमा अर्थात् होली मनाएको छ ।

मञ्चले केन्द्रमा आश्रित बालबालिकाका लागि 'ह्याप्पी होली' अंकित टिसर्टसहित बिहीबार बिहानको खाना र नगद ७१ हजार रुपैयाँ प्रदान गरेको छ । उक्त केन्द्रमा आयोजित पृष्ठ २ मा

# राजनीति छचल्क्याउने प्रचण्ड अभिव्यक्ति

**सधैं सत्ताकै वरिपरि घुमेका प्रचण्ड र उनको दल सत्ताबाहिर पुगेसँगै मुलुकको राजनीतिलाई थप छचल्क्याउने अभिव्यक्ति दिँदै आएका छन्, जसले अस्थिरतालाई मलजल गर्ने गरेको छ**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।



अस्थिर राजनीतिको एउटा सशक्त खेलाडीको पहिचान बनाएका पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बेलाबेला राजनीतिलाई छचल्क्याउने अभिव्यक्ति दिँदै आएका छन् । विगत ८ महिनादेखि प्रमुख प्रतिपक्षी बेन्चमा पुगेका प्रचण्डको पछिल्लो अभिव्यक्तिले पुनः यस्तै संकेत गरेको छ ।

उनको अभिव्यक्तिले राजनीतिक अस्थिरतालाई नै बल पुऱ्याउने छ । १० वर्षे सशस्त्र द्वन्द्वबाट शान्ति प्रक्रिया हुँदै मूलधारको संसदीय राजनीतिमा आएका प्रचण्डको अधिकांश समय सत्ता केन्द्रित राजनीतिमै बितेको छ । सधैं सत्ताकै वरिपरि घुमेका प्रचण्ड र उनको दल सत्ताबाहिर पुगेसँगै मुलुकको राजनीतिलाई थप छचल्क्याउने अभिव्यक्ति दिँदै आएका छन्, जसले अस्थिरतालाई मलजल गर्ने गरेको राजनीतिबृत्तमा टिप्पणी हुने गरेको छ । पछिल्लो पटक राजावादीहरूको आन्दोलनप्रति पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# महिला तथा बालिकाको सशक्तीकरणमा नेपालको उल्लेख्य उपलब्धि : मन्त्री सुडी

**काठमाडौं/मस–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले नेपालले लैङ्गिक समानताको प्राप्ति र महिला तथा बालिकाको सशक्तीकरण समावेशीतामा उल्लेख्य उपलब्धि हासिल गरेको बताएका छन् ।



संयुक्त राष्ट्रसंघ मुख्यालय न्यूयोर्कमा आयोजित महिलाको स्थितिसम्बन्धी आयोग (सिएसडब्लु) को ६९औं सत्रमा राष्ट्रिय वक्तव्य प्रस्तुत गर्दै मन्त्री सुडीले लैङ्गिक समानता दिगो र न्यायपूर्ण समाजको प्रवर्द्धनका लागि महत्त्वपूर्ण रहेको बताए । नेपालले विगत तीन दशकमा यस दिशामा गरेका महत्वपूर्ण प्रगतिलाई प्रकाश पार्दै भने,'नेपालको संविधानले संघीय र प्रादेशिक संसद्मा ३३ प्रतिशत र स्थानीय निकायमा ४० प्रतिशत महिला प्रतिनिधित्वको सुनिश्चितता गरेको छ । नेपालले सदैव लैंगिक समानता र महिला सशक्तीकरणका मुद्दालाई उच्च प्राथमिकता दिँदै आएको छ ।'

महिलालाई सशक्त बनाउन वित्तीय समावेशीकरण विस्तार गर्ने, सामाजिक सुरक्षा सुदृढ गर्ने, लैंगिक उत्तरदायी बजेटलाई अगाडि बढाउने, लैंगिक डिजिटल विभाजनलाई कम गर्ने, र लैंगिक-विश्लेषित तथ्यांकको संकलन तथा उपयोगलाई बढाउनेलगायतका क्षेत्रमा रणनीतिक हस्तक्षेपको महत्वमा मन्त्री सुडीले जोड दिए । उनले अन्तर्राष्ट्रिय समुदायलाई विद्यमान खाडललाई पुर्न र लैंगिक समानतालाई केवल एक आकांक्षाका रूपमा नभइ सबैका लागि जिवित यथार्थ बनाउन ऐक्यबद्धताको भावनाका साथ मिलेर काम गर्न आह्वान गरेका संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

मन्त्री सुडीले सिएसडब्लुको ६९औं सत्रको मन्त्रीस्तरीय बैठकलाई पनि सम्बोधन गरेका थिए । सो बैठकमा उनले लैंगिक समानता र महिला सशक्तीकरण अभिवृद्धि गर्न नेपालका राष्ट्रिय संयन्त्रले गरेका कार्यबारे प्रकाश पारेका थिए । उनले नेपालका कानुन र नीतिले आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा सबै प्रकारका लैंगिक भेदभाव उन्मूलन गरेर महिला सशक्तीकरण र लैंगिक समानताको प्रत्याभूति गरेको अवगत गराएका थिए ।

बालिका शिक्षा, स्वास्थ्य, रोजगारी र आर्थिक सशक्तीकरणमा कार्यक्रम तथा पहलमा लगानी बढाउन र सार्वजनिक तथा निजी वित्त परिचालन गर्न मन्त्री सुडीले आह्वान गरे ।

मन्त्री सुडीले शुक्रबार नेपाल, बंगलादेश र फिनल्याण्डद्वारा संयुक्त रूपमा आयोजना गरिने तथा युनिसेफद्वारा आयोजना गरिने छुट्टाछुट्टै कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम रहेको स्थायी नियोगले जनाएको छ । मन्त्री सुडी नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा संघीय संसद्का सदस्यहरू, मन्त्रालयका सचिव र वरिष्ठ सरकारी अधिकारीहरू सहभागी छन् ।

# एमाले र नेकपा एसबीच ४ क्याम्पसमा तालमेल

**काठमाडौं/मस–** विवि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि नेकपा )(एमाले) र नेकपा (एकीकृत समाजवादी) निकट विद्यार्थी संगठनबीच तालमेल भएको छ ।



५ चैतमा हुने स्ववियु निर्वाचनका लागि एमालेनिट अनेरास्ववियु र एकीकृत समाजवादी निकट नेरास्ववियूबीच ४ क्याम्पसमा तालमेल भएको हो ।

काठमाडौँ उपत्यकाभित्र त्रिविअन्तर्गतका ४ आंगिक क्याम्पसमा उनीहरूबीच चुनावी तालमेल भएको छ भने उपत्यकाबाहिर १ आंगिक क्याम्पसमा तालमेल भएको छ ।

उपत्यकाभित्र त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुर, रत्नराज्य क्याम्पस र त्रिचन्द्र क्याम्पसमा अनेरास्ववियु र अनेरास्ववियू (एकीकृत समाजवादी निकट)बीच तालमेल भएको छ भने उपत्यकाबाहिर मोरङको डिग्री क्याम्पसका उनीहरूले तालमेल गरेका छन् ।

तर डिग्री क्याम्पसमा भने विवाद छ । त्यहाँ एकीकृत समाजवादीनिकट अनेरास्ववियूले अध्यक्ष लिएको छ भने बाँकी पदमा अनेरास्ववियुले उम्मेदवारी दर्ता गरेको छ तर एउटा पक्ष असन्तुष्ट छ ।

### धादिङको नीलकण्ठ क्याम्पसमा स्ववियु निर्वाचन स्थगित

धादिङको नीलकण्ठ बहुमुखी क्याम्पसको स्ववियू निर्वाचन अनिश्चितकालका लागि स्थगित भएको छ । निर्वाचन समितिका संयोजकले बुधबार राजीनामा दिएपछि निर्वाचन स्थगित भएको क्याम्पस प्रमुख नवराज शर्माले बिहीबार जनाएका छन् ।

निर्वाचन समितिका संयोजक मुरारी अधिकारीले निर्वाचन प्रक्रिया अगाडी बढाउने क्रममा उत्पन्न असहज परिस्थिति जनाई राजीनामा दिएका हुन् ।

उनले राजीनामा दिएपछि क्याम्पस प्रमुख शर्माले अर्को निर्वाचन समिति गठन भई निर्वाचनको मिति तय नभएसम्मका निर्वाचनका सबै प्रक्रिया हाललाई स्थगित गरिएको जनाएका हुन् ।

# तराईमा होली पर्व मनाइँदै

**काठमडौं/मस–** फागु पूर्णिमा अर्थात् होली पर्व आज तराईका जिल्लामा हर्षोल्लासका साथ एक आपसमा रङ र लोला खेली आपसी सद्भाव साटेर मनाइँदैछ। बिहीबार हिमाली एवं पहाडी जिल्लाहरूमा उक्त पर्व मनाइएको थियो ।

वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व असत्यमाथि सत्यको विजयको प्रतीक, पारिवारिक एवं सामाजिक एकताका रूपमा मनाउने प्रचलन रही आएको छ ।

बिहीबार हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ एकापसमा रङ र लोला खेली आपसी सद्भाव साटेर मनाइएको छ । हिमाली र पहाडी जिल्लामा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन फागु पूर्णिमा पर्व मनाइन्छ । तराईका जिल्लामा भने भोलिपल्ट यो पर्व मनाउने चलन छ। वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाइएको हो । केही वर्ष अघिसम्म उपत्यकामा उत्ताउलो रुपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण पछिल्लो समय अनुशासित बन्दै गएको छ। बिहीबार काठमाडौंको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै पर्व मनाएका छन् । फागुन शुक्ल अष्टमीका दिन त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउने चलन छ ।

उक्त चीरमा राखिएका ध्वजापताकाहरू औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ ।

फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताका साथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु शुरु भएको थियो । आज तराईका २१ जिल्लामा बिदा दिइएको गृह मन्त्रालयले जनाएको छ ।

## रेशम...

कार्यदल बनाएको छ। कार्यदलमा अब्दुल खान, शरद्सिंह यादव र बालगोविन्द चौधरी छन् ।

तर, उन्मुक्ति पार्टीभित्र एकीकरण गर्ने कि नगर्ने भन्ने विषयमा बहस जारी छ । उन्मुक्तिले औपचारिक निर्णय नगरेसम्म एकीकरणको विषयले औपचारिक प्रवेश पाउन सकेको छैन । उन्मुक्तिले केन्द्रीय कमिटीबाट एकीकरण गर्ने या नगर्ने निर्णय गर्न बाँकी छ ।

उन्मुक्तिका नेता तथा प्रतिनिधिसभा सांसद गंगाराम चौधरीले पार्टी एकीकरणको विषय केन्द्रीय कमिटीबाट टुंगो लाग्न बाँकी रहेको बताए । 'केन्द्रीय कमिटी बैठकमा एकीकरण हुने या नहुने छलफल हुने छ', उनले भने, 'चैत महिनाभित्रै पार्टी केन्द्रीय कमिटी बैठक बस्ने छ । बैठकमा केन्द्रीय सदस्यहरूले धारणा राखेपछि मात्र बहुमतले निर्णय गर्छ । अहिले केही भन्ने अवस्था छैन ।'

यता, जनमत पार्टीका प्रवक्ता शरद्सिंह यादव आफूहरू उन्मुक्ति पार्टीको निर्णयको पर्खाइमा रहेको बताए । 'एकीकरणबारे हामीले औपचारिक निर्णय गरिसकेका छौं, उहाँहरूले गर्ने निर्णयका आधारमा एकीकरण प्रयास अगाडि बढ्छ ।'

प्रवक्ता यादवले एकताको प्रयास अन्तिम चरणमा पुगेको, राजनीतिक दस्तावेज, पार्टीको नाम र चुनाव चिह्नबारे छलफल टुंग्याएर छिट्टै एकता हुने बताए ।

## कहाँ

त्यस्तै, पार्टी एकता गर्ने विषयमा पार्टीभित्र एक मत हुन नसकेको र एकताका लागि साथीहरू तयार नभएपछि तत्काल एकताको सम्भावना नरहेको केही दिनअघि पार्टी बैठकमा श्रेष्ठले भनेकी थिइन् ।

पार्टी एकताको विषयमा चौधरी-श्रेष्ठ सम्बन्ध पुनः चिसिएको छ। यसअघि पनि पार्टी नेतृत्वको विषयमा दुवै जनाबीच तीव्र विवाद उत्पन्न भएको थियो। त्यतिबेला पार्टी फुटको संघारमै पुगेको थियो ।

उनीहरूबीचको मनमुटावकै कारण पार्टीले सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्रीसमेत गुमाएको थियो ।

## सीडीओलाई ...

अधिकारीमार्फत हुने व्यवस्थाले राजनीतिक हस्तक्षेप निम्त्याउने गर्छ', उनी भन्छिन्, 'शक्तिको अनावश्क दुरुपयोग हुन सक्छ ।'

सीडीओलाई सशस्त्र परिचालनको अधिकार दिने विषय पश्चगामी रहेको उनको तर्क छ। अगाडि भन्छिन्, 'संघीयताको मर्म र भावनाअनुसार विधेयक परिमार्जन आवश्यक छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सुमना श्रेष्ठ सीडीओले सशस्त्र परिचालन गर्ने विषय पञ्चायती र राजाको पालाको शैलीसँग मिल्दोजुल्दो रहेको बताउँछिन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद रोशन कार्की सशस्त्रलाई गृह मन्त्रालय मातहत राखिएकामै आपत्ति जनाउँछिन् ।

'सशस्त्र प्रहरी बल फोर्स हो। यसलाई नेपाल सरकार मातहत नराखेर किन गृह मन्त्रायको शाखाको रूपमा राखिएको हो ? मलाई अचम्म लागिरहेको छ', उनले भनिन् ।

प्रस्तावित विधेयकमा सांसदहरूका ६४ वटा संशोधन प्रस्ताव छन् । अब सरकारी विधेयक र सांसदका संशोधन एकै ठाउँमा राखेर दफावार छलफल हुने छ। त्यसमा समेत सीडीओको अधिकारबारे छलफल हुने छ ।

## कन्सल्टेन्सीहरूलाई ...

कन्सल्टेन्सी भएको थाहा पाउने गरेको पीडितहरू बताउँछन् ।

केही समयअघि नक्कली कागजातका आधारमा भएको भिजिट भिसा प्रकरणमा प्रहरीले ४ वटा शैक्षिक कन्सल्टेन्सीका संचालकहरूलाई राजधानीका विभिन्न ठाउँबाट पक्राउ गरेको थियो । शैक्षिक कन्सल्टेन्सीका नाममा निरन्तर ठगी भए पनि अनुगमन र कारबाही भएको छैन । त्यसो हुनुमा कन्सल्टेन्सी संचालकहरूको प्रशासनिक तथा राजनीतिक नेतृत्व तहसम्म पहुँच रहेको बताइन्छ ।

शिक्षा मन्त्रालयले गलत तरिकाले काम गर्ने कन्सल्टेन्सीविरुद्ध प्रहरीसमक्ष तत्कालै उजुरी दिनसमेत सूचनामा आग्रह गरेको छ । यसका अतिरिक्त मन्त्रालयले सेवा संचालन गर्न अनुमति लिएको स्थानभन्दा बाहिर शाखा नखोल्न निर्देशन दिँदै शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ ले दिएको अधिकार क्षेत्रबाहिर गएर यस्ता काम गरेमा संस्थाको स्वीकृति रद्द हुन सक्ने बताएको छ ।

## आश्रित...

संक्षिप्त कार्यक्रममा मञ्चका अध्यक्ष जनक रावलले संस्थाका अध्यक्ष दीक्षा चापागाईंलाई ७१ हजार रुपैयाँको चेक प्रदान गरे ।

चेक हस्तान्तरण गर्दै मञ्चका अध्यक्ष रावलले व्यवसायीको सामाजिक उत्तरदायित्वको सिद्धान्तअन्तर्गत उक्त संस्थामा आश्रितहरूलाई सहयोग गरेको र भविष्यमा आइपर्ने अन्य जरुरत अवस्थामा पनि सहयोग गर्ने बताए ।

मञ्चका सचिव राजेन्द्र अधिकारीले आश्रित बालबालिका उज्ज्वल भविष्यका लागि गरेको कार्यका लागि मञ्च तथा केन्द्रप्रति शुभकामना व्यक्त गरे । उक्त संस्थाकी अध्यक्ष दीक्षा चापागाईंले आश्रित बालबालिकालाई गरेको सहयोगका लागि मञ्चप्रति आभार व्यक्त गरिन् । उनले त्यहाँ अभिभावक र आश्रयविहीन बनेका बालबालिकालाई उच्च शिक्षासम्मको प्रबन्ध गरिदिने गरेको भन्दै मञ्च जस्ता सामाजिक तथा व्यावसायिक क्षेत्रमा कार्यरत दाताहरूको सहयोग आवश्यक रहेकाले भविष्यमा पनि सहयोग गर्न आग्रह गरिन् ।

मञ्चले गत वर्षदेखि होलीका अवसरमा पुनर्स्थापना केन्द्रहरूमा आश्रित बालबालिकालाई सहयोग गरेर मनाउने गरेको छ। गत वर्ष जोरपाटीस्थित अपांग पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकासँग होली खेल्दै खाना खुवाएर नगद सहयोग गरेको थियो ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वमहासचिव एवं मञ्चका पूर्वअध्यक्ष नरेश गेलाल, संघकी कोषाध्यक्ष सरिता घले, कार्यसमिति सदस्य बैकुण्ठ पौडेल 'वैभव'सहित मञ्चका पदाधिकारी तथा सदस्यहरूसहित करिब २ दर्जन व्यवसायी सहभागी रहेको मञ्चका कोषाध्यक्ष शीतल मैनालीले जानकारी दिए । त्यस अवसरमा मञ्चमा आवद्ध व्यवसायीले एकआपसमा अबीर तथा रङ लगाई खुसी साटासाट गरेका थिए ।

## राजनीति...

कटाक्ष गर्दै प्रचण्डले सरकारका गलत काम र असफलताका कारण प्रतिगामीहरू सलबलाउन थालेका टिप्पणी गरे । सरकारकै कमजोरीका कारण राजावादीहरू सलबलाएका बताउँदै उनले भने, 'जनताको उपलब्धि उल्टाउने कोसिस भएको छ । सरकारका गलत काम र प्रतिगामी कदमविरुद्ध जुध्नुपर्ने भएको छ। ८ महिनाअघिसम्म असन्तोष थिएन ।'

उनले वर्तमान कांग्रेस-एमाले गठबन्धनको सरकार आएपछि गुठीपीडित, लघुवित्तपीडित, सहकारीपीडित र शिक्षक पनि आन्दोलनमा भएकाले देशको स्थिति जटिल हुँदै गएको आरोप लगाए । 'सरकारले जनतासँग संवाद गर्ने हैसियत गुमाएको छ', उनले थपे, 'यस कारण राजावादी हौसिए। अहिले सडकमा ओर्लिएर सल्बलाएका छन्। यसमा देशभित्र र बाहिरका चलखेल मिसिएका छन् ।'

उनको यो अभिव्यक्तिले वर्तमान व्यवस्थाप्रति नागरिकको वितृष्णालाई थप बल पुर्‍याएको आमटिप्पणी भएका छन् । पुराना राजनीतिक दलहरूप्रति बढेको नागरिकको असन्तुष्टिलाई आशामा बदल्न सबै दल जिम्मेवार हुनुपर्ने नेताहरूले बताएका छन् ।

तर, पूर्वप्रधानमन्त्री दाहालको अभिव्यक्ति गैरजिम्मेवार भएको नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले बताए । प्रतिपक्षी दलहरूले धारिलो प्रश्न गर्न पाउने तर सबै दोष सरकारलाई मात्र लगाउनेभन्दा दलहरू एकअर्काका सहकर्मी भएर समस्याको समाधान गर्नुपर्ने उनको भनाइ छ ।

'प्रतिपक्षी दलका नेतालाई खतरै कुरा भनेजस्तो लाग्छ होला। अहिले कोभन्दा को खतरा भन्ने प्रतिस्पर्धा चलेको छ। क्रान्तिकारी कुरा गरेर मात्र नागरिकका आक्रोश र असन्तुष्टिहरू आशामा बदल्न सकिँदैन । यो व्यवस्थाका पक्षधर सबै दल र नेताहरूले जिम्मेवार भएर तथा यथार्थमा जनताका पक्षमा काम गर्नुपर्ने छ ।'

गत आमनिर्वाचनपछि नेपाली कांग्रेससँगको चुनावी गठबन्धन तोडेर नेकपा एमालेसँग सरकार बनाएका थिए । त्यसको २ महिनामै फेरि उक्त गठबन्धन तोडेर कांग्रेससँग सत्ता गठबन्धन गर्दै प्रधानमन्त्री भइरहेका प्रचण्डले १ वर्षपछि पुनः एमालेसँगै मिलेर प्रधानमन्त्री खाइरहे ।

१ वर्षमा ३ पटक गठबन्धनको काँध फेरेर अस्थिरतामा रमाएका प्रचण्डप्रति विश्वास टुटेका कांग्रेस-एमालेले ३० असारदेखि सरकार बनाएका छन् । योसँगै सत्ताच्युतमा परेका प्रचण्डले सडकदेखि सदनसम्म सरकारलाई गाली गर्नेबाहेक आफ्ना एजेन्डा जनतामाझ नलगेको राजनीतिक विश्लेषकहरूले टिप्पणी गरेका छन् ।

राजनीतिक विश्लेषक विष्णु पन्थी भन्छन्, 'राजनीतिप्रति नागरिकको अविश्वास बढ्नुको मुख्य कारण आफू सत्तामा हुँदा मुलुकको अवस्था सबै ठीकठाक थियो र सत्ताबाहिर जानेबित्तिकै सबै भत्कियो भन्ने चरित्रले पनि काम गरेको छ ।'

अध्यक्ष प्रचण्ड सत्ताबाहिर पुगेसँगै थालेको विभिन्न अभियानमा पार्टीलाई आफ्नै वर्ग र समुदायतर्फ फर्काएर जनताको सेवामा जुट्ने अभियान सुरु गरिएको बताएका थिए । 'हामीले पार्टी एकता कायम राख्न सकेनौं, हामी आफ्नो वर्ग र समुदायबाट केही टाढा हुन पुग्यौं', अध्यक्ष प्रचण्डले भने, 'म अन्तरआत्माका साथ भन्न चाहन्छु, गल्ती भएकै हो। अब फेरि हामी आफ्नै वर्ग र समुदायमा फर्कने संकल्पका साथ अघि बढेका छौं ।'

तराई-मधेश जागरण अभियानमा उनले पार्टीले केही त्रुटि गरेको स्वीकार गर्दै अब गम्भीर आत्ममीक्षासहित पार्टी आफ्नै वर्ग र समुदायमा फर्केको पनि बताए पनि उनको नजर सत्ताकै वरिपरि घुमेको देखिन्छ ।

प्रतिपक्षको हैसियतमा सदनमा खेल्नुपर्ने प्रचण्डको भूमिकाप्रति आमरूपमा टिप्पणी भइरहेका छन् । उनले सत्तामा रहेका नेताहरूलाई गाली गर्ने मात्र भन्दा पनि मुलुकको आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई सुक्ष्म विश्लेषण गरेर सुधारको खाका ल्याउनुपर्नेमा प्रधानमन्त्रीको कुर्सीलाई मात्र केन्द्र भागमा राखेर राजनीतिक अभिव्यक्तिहरू दिने गरेका राजनीतिक विश्लेषकहरू बताउँछन् ।

सत्ता टिकाउन क्रान्तिका सबै संरचना बिर्सिएर शान्ति, समृद्धि र विकासवादीको रूप धारण गर्ने उनको स्वभाव र क्षमता वर्ग, समुदाय, जातजाति, भाषा र भेषअनुसार फरक ढंगले प्रस्तुत हुने रहेको माओवादीकै कतिपय नेताहरूले बताउने गरेका छन् ।

पछिल्लो समय पार्टीको केन्द्रीय समिति बैठकमा उपमहासचिव जनार्दन शर्मा 'प्रभाकर'ले नै दाहालको प्रवृत्तिप्रति असहमति जनाएका थिए । पार्टीका नेताहरूलाई थाहै नदिई नेकपा महासचिव नेत्रविक्रम चन्द 'विप्लव'लाई पार्टीमा भित्र्याउने, पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनलाई उपाध्यक्ष दिएर ल्याउने योजना बनाएपछि माओवादी नेताहरू रुष्ट थिए। सत्ता राजनीतिमा होस् वा पार्टीको आन्तरिक राजनीतिमा, उनको चकचकले केही न केही तरंग ल्याउने र त्यसले अस्थिरतालाई प्रश्रय दिने गरेको नेकपा (माओवादी केन्द्र)का एक केन्द्रीय सदस्यले मध्यान्हलाई बताए ।

# सगरमाथा आरोहणका लागि बाटो बनाउन खटिए 'आइसफल डाक्टर'

**सोलुखुम्बु/मस–** वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणका लागि आवश्यक तयारी तीव्र पारिएको छ । आरोहीहरूलाई सुरक्षित बाटो उपलब्ध गराउन 'आइसफल डाक्टर'को १० जनाको टोली आधार शिविरतर्फ प्रस्थान गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी)ले जनाएको छ । एसपीसीसीको व्यवस्थापनमा खुम्बु आइसफल क्षेत्रको बाटो निर्माण तथा मर्मतको काम गरिँदै आएको अध्यक्ष लामाकाजी शेर्पाले बताए। उनका अनुसार वसन्त ऋतु हिमाल आरोहणका लागि सबैभन्दा अनुकूल समय भएकाले अनुभवी 'आइसफल डाक्टर'टोली आवश्यक उपकरण तथा सामग्रीसहित नाम्चेबाट आधार शिविरतर्फअघि बढेको छ ।



टोलीमा आधार शिविर व्यवस्थापक छिरिङतेन्जिङ शेर्पासहित ८ जना अनुभवी 'आइसफल डाक्टर' छन्। दुईटा छुट्टाछुट्टै टोली गठन गरिएको छ, जसको नेतृत्व आङसर्की शेर्पा र दावाजाङ्बु शेर्पाले गरेका छन्।

टोलीमा दाबानुरु शेर्पा, निमतेन्जी शेर्पा, मिङ्माग्याल्जेन शेर्पा, दाबाछिरी शेर्पा, लाक्पासोना शेर्पा र तेण्डु शेर्पा रहेका छन् । सन् १९९७ देखि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको पर्यटन विभागले एसपीसीसीलाई खुम्बु आइसफल मार्ग निर्माण तथा मर्मतको जिम्मेवारी दिँदै आएको छ । हिमाल आरोहण मार्ग बनाउन अत्यन्त जोखिमपूर्ण मानिन्छ ।

खुम्बु आइसफल क्षेत्र सबैभन्दा खतरनाक भागहरूमध्ये एक हो, जहाँ हिउँको विशाल ढिस्को, भ्वाङ, अनि हिमपहिरोको खतरा रहन्छ । टोलीले सगरमाथाको दोस्रो आधार शिविरसम्म जाने बाटो निर्माण गर्नुपर्ने हुन्छ, जसका लागि डोरी टाँग्ने, जोखिमपूर्ण स्थानमा भर्‍याङ राख्ने, हिउँ तथा बरफको अस्थिर संरचनाहरूलाई स्थिर बनाउनेजस्ता कार्य गर्नुपर्ने हुन्छ ।

यसैबीच, सगरमाथा आरोहणको मार्ग निर्माण कार्य परम्परागत विधि तथा साइत हेराइ पूरा गरेपछि मात्र अघि बढाइने गरिएको छ । एसपिसिसीका अनुसार आरोहण मार्ग निर्माण कार्य शुरु गर्न बौद्ध परम्पराअनुसार विशेष पूजा गरिन्छ । यस क्रममा स्थानीय लामा गुरुले पूजाआजा गरी पर्वत देवतालाई खुशी पार्ने प्रयास गर्छन्। पर्वत देवताको कृपा प्राप्त गरेपछि मात्र आइसफल क्षेत्रजस्तो जोखिमयुक्त क्षेत्रमा पाइला राख्ने चलन रहेको अध्यक्ष शेर्पाले बताए ।

मार्ग निर्माणअघि बढाउन परम्परागत विधिअनुसार साइत हेरिन्छ। त्यसपछि मात्रै बाटो निर्माणको काम अगाडि बढाइन्छ। अध्यक्ष शेर्पाअनुसार यस विधिले आरोहीहरूको सुरक्षालाई सुनिश्चित गर्ने विश्वास रहँदै आएको छ। दोस्रो आधार शिविरसम्मको बाटो बनाउन झण्डै २० दिन लाग्ने अनुमान गरिएको छ । तर मौसम प्रतिकूल भएमा यो अवधि लम्बिनसक्ने अनुमान गरिएको छ। आधार शिविरदेखि माथिल्लो भागसम्मको बाटो बनिसकेपछि मात्र व्यावसायिक आरोही टोलीलाई आरोहणको अनुमति दिइनेछ ।

सगरमाथा क्षेत्रमा आरोहण मार्ग निर्माण तथा मर्मतका लागि एसपिसिसीले विदेशी आरोहीहरूबाट शुल्क लिँदै आएको छ । प्रत्येक विदेशी आरोहीबाट ६०० अमेरिकी डलर लिने व्यवस्था छ । यो शुल्क मार्ग निर्माण, मर्मत तथा वातावरणीय सरसफाइका लागि प्रयोग गरिन्छ । एसपीसीसीले आरोहण अनुमति जाँच गर्नाका साथै आधार शिविर क्षेत्रमा वातावरण संरक्षणसम्बन्धी विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।

सगरमाथा आरोहणका लागि बाटो निर्माण गर्ने यी 'आइसफल डाक्टर'हरूले जोखिम मोलेर हिउँको पुल बनाउने, आरोहीहरूको सुरक्षाका लागि मार्ग पहिल्याउने र अत्यधिक जोखिमपूर्ण क्षेत्रमा आधारभूत संरचना तयार गर्ने काम गर्छन्। 'उनीहरूबिना आरोहीहरूको सफल यात्रा कल्पनै गर्न सकिँदैन। हामीले बाटो बनाउने र सरसफाइ गर्ने सबै काम गर्छौं । पर्यटन मन्त्रालयसँगको सम्झौताअनुसार हाम्रा दायित्व पूरा गरिरहेका छौँ । हाम्रो आम्दानीको मुख्य स्रोत नै यही शुल्क हो', एसपीसीसीका अध्यक्ष शेर्पाले भने ।

# परराष्ट्रमन्त्री राणा नयाँ दिल्लीमा

**काठमाडौं/मस-** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा बिहीबार भारतको राजधानी नयाँ दिल्ली पुगेकी छिन् । मुभारतको झारखण्डस्थित बाबा वैद्यनाथ धाममा दर्शन तथा पूजाआजापछि उनी नयाँ दिल्ली पुगेकी हुन् ।

मन्त्री डा. राणालाई नयाँ दिल्लीमा भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मनु महावर तथा भारतका लागि नेपाली राजदूत डा.शंकर शर्माले स्वागत गरका थिए ।

मन्त्री डा.राणा भारतको विदेश मन्त्रालयसँगको सहकार्यमा 'द अब्जर्भर रिसर्च फाउन्डेसन' (ओआरएफ)द्वारा १७ मार्चदेखि १९ सम्म नयाँ दिल्लीमा आयोजना हुने राइसिना डायलग कार्यक्रममा सहभागी हुनेछिन् ।



मन्त्री डा.राणाले कार्यक्रममा 'जलवायु परिवर्तनको अवस्था र समस्या तथा दक्षिण के चाहन्छ ?' नामक अलग-अलग सेसनमा सहभागी भई नेपालका तर्फबाट सम्बोधन गर्ने कार्यक्रम छ । साथै उनले यसैअन्तर्गत डिजिटल पब्लिक इन्फ्रास्टक्चर कन्क्लेभलाई पनि सम्बोधन गर्ने कार्यक्रम छ ।

यस कार्यक्रमका क्रममा मन्त्री डा.राणाले भारतका विदेशमन्त्री डा. एस जयशंकर तथा अन्य मित्रराष्ट्रका समकक्षीसँग पनि द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ ।

राइसिना डायलगमा विश्वका विभिन्न देशका प्रधानमन्त्री, विदेशमन्त्री, नेता तथा नीति निर्माताको सहभागिता रहने आयोजक संस्था ओरआएफले जनाएको छ ।

परराष्ट्रमन्त्रीले नयाँदिल्लीस्थित नेपाली राजदूत शर्मामार्फत् प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेटका लागि पहल गरिरहेकी छिन् ।

राजदूत शर्माले दुई नेताबीच भेटको वातावरण मिलाउन पहल गरिरहेको बताइए पनि यसको अझै पुष्टि भएको छैन । लामो सयमपछि दुई समकक्षीबीच भेट हुने भने पक्का भएको छ ।

यसअघि ३ भदौमा भारत भ्रमणका क्रममा परराष्ट्रमन्त्रीले भारतीय प्रधानमन्त्री मोदीसँग शिष्टाचार भेटवार्ता गरेकी थिइन् । भेटमा परराष्ट्रमन्त्रीले प्रधानमन्त्री केपी शर्मा ओलीले पठाएको नेपाल भ्रमणको निम्तो मोदीलाई हस्तान्तरण गरेकी थिइन् । तर न त मोदीले अहिलेसम्म निम्तो स्वीकारेका छन् न त ओलीलाई नै बोलाएका छन् । भारतले निम्तो नदिएपछि ओली गत मंसिर १७ देखि २० सम्म चीन भ्रमण गरेर बीआरआई फ्रेमवर्क सम्झौतामा हस्ताक्षर गरेर आइसकेका छन् । परराष्ट्र मन्त्रीको जिम्मेवारी सम्हालेपछि राणाले योसहित तेस्रो पटक दिल्ली भ्रमण हो ।

# 'संघीयतासहितको गणतन्त्रको विकल्प छैन'



**संखुवासभा/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले संघीयतासहितको गणतन्त्रको विकल्पमा अरु कुनै शासन व्यवस्था नरहेको बताएका छन् ।

चैनपुर नगरपालिका-११ लोहाकोटमा निर्मित वडा कार्यालय भवनको उद्घाटन गर्दै उनले संघीयताले देशको सुन्दर पक्ष उजागर गरेको बताए ।

उनले संसद्का दुई ठूला राजनीतिक दल मिलेर वर्तमान सरकार बनेकाले यो सरकारलाई अल्मलिएर बस्ने छुट नभएको स्पष्ट पारे । मुलुकको राजनीतिक स्थायित्वका लागि सरकार गठन भएको उनको भनाइ थियो ।

'मुलुकमा राजनीतिक परिवर्तन ल्यायौं, अब आर्थिक परिवर्तन गरेर समृद्ध नेपाल निर्माणमा अगाडि बढ्नुछ,' उनले भने । मन्त्री खड्काले संखुवासभा अथाह सम्भावना बोकेको जिल्ला भएकाले यहाँका स्रोत साधनको उचित प्रयोग गरेर समृद्ध जिल्ला निर्माणमा लाग्नुपर्ने बताए ।

उनले जनताको जलविद्युत कार्यक्रममार्फत गरिबीको रेखा मुनिका जनतालाई स्रोतमाथिको अधिकार सुनिश्चित गर्न प्रत्येक घरधुरीलाई आयोजनाको क्षमता हेरेर दुई लाखदेखि पाँच लाखसम्म विना धितो जलविद्युतको शेयरका लागि सहुलियत दरमा ऋणको व्यवस्था गरिने बताए ।

# धनुषाको महिला समुहले पायो जोगिरा पुरस्कार

**कमल साह/मध्यान्ह**
जनकपुरधाम, २९ फागुन

होलीको अवसरमा आयोजना गरिएको जोगिरा गायन प्रतियोगितामा धनुषा बलहाको महिला समूह प्रथम भएको छ । मैथिली भाषा, साहित्य, कला, गीत संगीत र नाट्य क्षेत्रमा काम गर्दै आएको मिथिला नाट्यकला परिषद् जनकपुरधाम(मिनाप)ले २९ वर्षदेखि महोत्सव र महामुर्ख सम्मेलन गर्दै आएको छ ।

मिथिलाञ्चलमा लोप हुँदै गइरहेको जोगिरा गीत (फागु गीत)लाई संरक्षण गर्ने उद्देश्यले मिथिला नाट्य कला परिषदले आयोजना गरेको दुई दिवसीय होली महोत्सवको पहिलो दिन बिहीबार आयोजित जोगिरा गायन प्रतियोगितामा सहभागी होरैयामा धनुषाका बल्हागोठ महिला समूह पहिलो भएको हो । गत वर्षको जोगिरा महोत्सवमा यो महिला समूह दोस्रो भएको थियो ।




जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले पहिलो हुने जोगीरा समुहलाई ट्रफी, मेडल (तक्मा), डम्फा तथा प्रमाण पत्र प्रदान गरेका थिए ।

प्रतियोगितामा प्रथम हुने समुहलाई ६ तोला चाँदीको मेडल, दोस्रो हुने समुहलाई ४ तोला चाँदीको मेडल र तेस्रो हुने समुहलाई ३ तोला चाँदीको मेडल प्रदान गरिएको छ ।

राममन्दिरको प्रांगनमा आयोजना गरिएको प्रतियोगितामा धनुषा,महोत्तरी र सर्लाही जिल्ला गरी आठसमुह सहभागी भएका थिए । त्यसमा महोत्तरीका पोखरभिण्डा जोगिरा समूह दोस्रो र सर्लाहीका मिर्जापुर समूह तेस्रो भएको छ । प्रतियोगीताको निर्णायक मण्डलमा मिनापका पूर्वअध्यक्ष सुनिल मल्लिक,प्राज्ञ रमेश रंजन झालगायत रहेका थिए ।

# बडघरको अन्तरप्रदेश भ्रमण

**काठमाडौं/मस-** लुम्बिनी प्रदेश सरकार, उद्योग पर्यटन तथा यातायात मन्त्रालय, पर्यटन डिभिजन कार्यालय, रुपन्देहीको आयोजनामा फागुन २६ देखि २९ सम्म थारु जातिका बडघरको अन्तरप्रदेश भ्रमण सम्पन्न भएको छ ।

गत आ.व. २०८०/०८१ मा कार्यालयले नवलपरासी पश्चिम, रुपन्देही र कपिलवस्तु जिल्लाका १ सय ५० जना भन्दा बढी बड्घर हरुलाई नेतृत्व तथा क्षमता विकास सम्बन्धी तालिमको आयोजना गरेको थियो । सोही तालिमलाई थप प्रभावकारी बनाउने उद्देश्यले चालु आवमा थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमितिसँगको




समन्वयमा बडघरहरुको प्रतिनिधिमूलक टोली तयार पारी पश्चिम तराईका जिल्लाहरुको भ्रमण कार्यक्रम तयार गरिएको कार्यालयका निमित्त कार्यालय प्रमुख नेत्र प्रसाद भुसालले जानकारी दिए ।

भ्रमण कार्यक्रममा बडघर सम्बन्धी ऐन जारी भएका २ वटा स्थानीय तहहरुसँग अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन भएको थियो । कैलाली जिल्लास्थित जानकी गाउँपालिकामा फागुन २७ गते भएको अन्तरक्रियात्मक कार्यक्रम गाउँपालिकाका अध्यक्ष गणेश चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

गाउँपालिकाले बडघर/भलमन्सा, ऐन २०८१ जारी गरेकाले सोही ऐनसँग सम्बन्धित रहेर प्रस्तुतीकरण दिइएको थियो । जसमा भ्रमण टोलीका सहभागीहरुले आफ्ना जिज्ञाशा राखेका थिए भने गाउँपालिका अध्यक्ष गणेश चौधरीले जिज्ञाशाको उचित जवाफ दिएका थिए ।

त्यस्तै फागुन २८ गते बर्दिया जिल्लास्थित बारबर्दिया नगरपालिकामा भएको अन्तरक्रियात्मक कार्यक्रम नगरपालिकाका कार्यपालिका सदस्य श्याम कुमारी चौधरीको अध्यक्षता, नगर प्रमुख छविलाल थारुको प्रमुख आतिथ्यता र उपप्रमुख रत्ना पाण्डेको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो । वि.स.२०७७ सालमा नेपालमै पहिलो पटक बडघर ऐन, २०७७ जारी गरेको नगरपालिकाका नगरप्रमुख छविलाल थारुले सोही ऐन र नगरपालिकाको समग्र वस्तुस्थितिबारे प्रस्तुतीकरण दिएका थिए ।

साथै भ्रमण टोलीका जिज्ञासालाई समेत स्पष्ट पारेका थिए । भ्रमण कार्यक्रममा लुम्बिनी प्रदेशका दाङ, बाँके, बर्दिया तथा सुदरपश्चिम प्रदेशको कैलाली जिल्लाका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रको अवलोकन समेत भएको कार्यालयका अधिकृत जनक राज खनालले जानकारी गराएका थिए ।

# एकीकृत समाजवादी आज 'विशेष कार्यक्रम' घोषणा गर्दै

**काठमाडौं/मस-** नेकपा (एकीकृत समाजवादी) ले राजावादी गतिविधिविरुद्ध शुक्रबार 'विशेष कार्यक्रम' घोषणा गर्दैछ । पार्टीले काठमाडौंमा पत्रकार सम्मेलन गरेर राजावादी गतिविधिविरुद्ध 'विशेष कार्यक्रम' घोषणा गर्न लागेको हो ।

पत्रकार सम्मेलनमार्फत आफूहरूले राजावादी गतिविधिविरुद्ध विशेष कार्यक्रम घोषणा गर्ने केन्द्रीय प्रचार विभागका उपप्रमुख दामोदर अर्यालले जानकारी दिए ।

उनका अनुसार सम्मेलनमा राजावादीहरू किन सलबलाए र त्यसमा जनताको उपस्थिति किन रह्यो भन्नेबारे समीक्षात्मक धारणा सार्वजनिकसँगै विशेष कार्यक्रम घोषणा हुनेछ ।




'राजावादीहरू किन सलबलाए र त्यहाँ थोरै भए पनि जनताको उपस्थिति किन देखियो ? यसका लागि त सरकार र राजनीतिक दलहरूको पनि कमजोरी होला । यसबारे हामीले संस्थागत धारणा सार्वजनिक गर्नेछौँ र थप अगाडि कसरी अगाडि बढ्ने भन्नेबारे पनि भन्नेछौँ,' अर्यालले भने ।

२५ फागुनमा राजावादी शक्तिहरूले शक्ति प्रदर्शन गर्दै पूर्वराजा ज्ञानेन्द्रलाई अभिनन्दन गरेका थिए । झन्डै एक महिना पोखरा बसेर काठमाडौं फर्किएका पूर्वराजाको पक्षमा नाराबाजी गर्नेहरूको संख्या हजारौं थियो । यस घटनालाई लोकतन्त्रवादी दलहरूले गम्भीरतापूर्वक लिएका छन् ।

# कम्प्युटरसहित शैक्षिक सामग्री सहयोग



**दोलखा/मस-** दोलखाको विभिन्न विद्यालयहरूमा कांग्रेस नेता तथा समाजसेवी एवं स्कुल अफ डेमोक्रेसी दोलखाका अध्यक्ष प्रभुराम श्रेष्ठले कम्प्युटरसहित शैक्षिक सामग्री सहयोग गरेका छन् । भिमेश्वर नगरपालिका वडा नम्बर ९ झाँक्रीचौरस्थित बुद्ध प्राथमिक विद्यालय, तामाकोशी गाउँपालिका वडा नम्बर २ झुलेस्थित जनप्रभात मावि र मेलुङ गाउँपालिकामा वडा नम्बर ५ डाडाँखर्कस्थित डाडाखर्क माविका विद्यार्थीहरूलाई श्रेष्ठले झोला तथा कम्प्युटर हस्तान्तरण गरेका हुन् ।

यस्तै श्रेष्ठले बुद्ध प्राविलाई बिहीबार कम्प्युटरसहित शैक्षिक सामग्री, स्कुल व्याग वितरण गरेका छन् ।

हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि समेत रहेका श्रेष्ठले विद्यार्थीहरूको उज्वल भविष्यको कामना गर्दै सामग्री हस्तान्तरण गरेका थिए । उनले विद्यार्थीहरूलाई होलीको अवसरमा शुभकामना समेत व्यक्त गर्दै बालबालिकाको शैक्षिक स्तर सुधार भए मात्रै देशको विकास हुने बताए ।

**Invitation for Bids**

**Chaurjahari Municipality**
**Office of Municipal Executive**
**West Rukum, Karnali Province**
**Date of publication:- 2081/12/01**

1. The, **Chaurjahari Municipality** has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Chaurjahari Municipality** invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the **Chaurjahari Municipality, Chaurjahari Rukum (west)** Mo No:- 9857826111,9841768680 & PPMO website.
4. Bid must be submitted by egp system from ppmo website before ***12:00 PM on (2081/12/31) of Publication***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:30 PM on** ***(2081/12/31)*** at the **Chaurjahari Municipality Office**. If the bidder's representative **does not choose** to attend for opening, there will be no objection in opening the tender.
6. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2-3% of estimated amount, which shall be valid for **30 days** beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited on.

**Name of the Bank** **: RBB Chaurjahari Branch** **Name of Office** **: Chaurjahari Municipality Rukum (West)**
**Dharauti Khata no.** **: 4330100303000002**
**Rajaswa Khata no.** **: 4330100301010002**

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security, |
|---|---|---|---|---|
| CJM/WORKS/NCB/ 12/081/082 | Upgrading of Lekhanargi, Majhamela To Narji Road Chaurjahari Municipality 7 & 9 Rukum West. | Nrs. 3,000/- | Nrs. 30,04,964.80 | Nrs. 75,500.00 |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# सजगता आवश्यक

हरेक वर्ष चैत–वैशाख लागेपछि आमजनमा चिन्ता बढ्छ– डढेलो र हावाहुरीको । हिउँदा लागेपछि यसरी नै तनाव बढ्छ– शीतलहरको । अनि, बर्खा लाग्नासाथ बाढी–पहिरोको पिरलो । यी प्राकृतिक विपद् हुन्, जसलाई पूर्वानुमान गर्न कठिन भए पनि यी अवश्यम्भावी हुन् भन्नेमा निश्चितता हुन्छ । यी विपद्मा परी हरेक वर्ष सयौंको ज्यान जान्छ भने करोडौंको धन नोक्सान हुने गरेको छ । हामीलाई थाहा हुन्छ– यी विपद् तत्तत् मौसममा अवश्य आउँछन् । तर, न हामी आमजन यसबारे पूर्वसावधानी र सजगता अपनाउँछौं, न त राज्यले वा तीनै तहका सरकारहरूले विपद्पछिको अवस्था आँकलन गरी पूर्वतयारी गर्छन् ।

यी २ महिनामा संघ, प्रदेश र स्थानीय सरकारले आवश्यक सजगता र पूर्वतयारी कतिको गरिरहेका छन् ? आमजनमा यसबारे सचेतना जगाउने के कस्ता कार्यक्रम गरिरहेका छन् ? सोच्न आवश्यक छ

जब विपद् आइलाग्छ अनि टाउको समाउने गलत परम्पराले कहिल्यै छाडेको छैन हामीलाई । वर्षौंदेखिको यो समस्यालाई न्यूनीकरण गर्न र विपद्पछिको उद्धारका लागि सचेतना, आवश्यक जनशक्ति र प्रविधिको जोहोलगायतका तयारी गर्न हामी बारबार चुकिरहेका छौं । अबका २ महिना हावाहुरी र डढेलो अनि आगलागीका जोखिमका महिना हुन् । यी २ महिनामा संघ, प्रदेश र स्थानीय सरकारले आवश्यक सजगता र पूर्वतयारी कतिको गरिरहेका छन् ? आमजनमा यसबारे सचेतना जगाउने के कस्ता कार्यक्रम गरिरहेका छन् ? सोच्न आवश्यक छ ।


घटनापछि पछुताउनु बुद्धिमानी होइन । विशेषगरी तराईका क्षेत्रमा र सुख्खा वनजंगलमा आगलागीको सम्भावना बढी हुने गर्छ । सँगसँगै हावाहुरीका कारण कमजोर घर टहरा र बस्तीमा जोखिम हुने, आगलागी र डढेलो फैलिएर ठूलो क्षति हुने गर्छ । यसको पूर्वसजगता भनेको आगलागी हुन नदिने उपाय गर्ने पहिलो हो भने हावाहुरीले पुर्‍याउने क्षतिबाट जोगिन जोखिममा रहेका घर, बस्ती पहिचान गरी आवश्यक पुनर्स्थापना वा स्थानान्तरण गर्नु हो । तर, यसका लागि आमजन, संघ, प्रदेश र स्थानीय सरकारले विशेष ध्यान दिएर सक्रियता देखाउनै पर्छ ।


## सामाजिक सञ्जाल


हरि रोका

२०४८ देखि अर्थराजनीतिमा हावी भएको कांग्रेस, ०५१ पछिको एमाले, ०६२/६३को माओवादीले अँगालेको सिद्धान्त, नीति र कार्यक्रमवारे समीक्षा गर । संरचनागत परिवर्तन र जड सुधारका एजेन्डामा सहमत होऊ । कार्यक्रमलाई संस्थागत कार्यान्वयनमा लैजाऊ । तर, तिमीहरू कसैले यस्तो गर्छौं भन्ने जनताले भरोसा गरेका छैनन् ।


राजनीतिमा लाग्नेहरूले राजनीतिबाटै धन कमाएर आफू र आफन्तलाई कुलीन वर्गमा रूपान्तरण गर्दै जान्छन् र देशमा भ्रष्टाचार र अनियमितता, कुशासन बढाइरहन्छन् । त्यसैले, राजनीतिलाई पेसा व्यवसाय वा जागिर ठानेर टाँसिइरहने प्रणाली संविधान र दलका विधानबाटै हटाउनु जरुरी छ । गणतन्त्र गलत होइन, प्रणाली गलत हो ।


बद्रीविनोद खनाल


प्रेमकान्त अधिकारी

उच्च स्थान हासिल गरेका जिम्मेवार मानिसहरू असल विचार व्यक्त गर्छन्, न्याय निसाफ निष्पक्ष निष्कलंक गर्छन् भनेर के पत्याउने ? यिनीहरू देशका ठूला मान्छे गतिलो धारणा व्यक्त गर्छन् भन्न नपर्ने । दलाल माफिया विदेशी एजेन्ट हो कि आफ्नै पार्टीका लागि मात्रै बोलेको ? कलंकहरू !

पूर्वकर्मचारीहरूले सरकारको आलोचना गर्न नपाउने आचारसंहिता बनाउने रे ! अवकाश भएर नागरिक जीवन बिताइरहेकाहरूको आवाज आचारसंहिता बनाएर दबाउन खोज्नु अलोकतान्त्रिक र असंवैधानिक कदम हुने छ । के अहिले विभिन्न दलबाट सांसद भएका पूर्वकर्मचारीहरूले संसद्मा सरकारको आलोचना गर्न पाउँदैनन् त ?


उमेश मैनाली

# होली पर्वको रौनक र बेथिति

*नराम्रो पक्षलाई निरुत्साहित गर्दै राम्रो पक्षलाई स्वागत गर्नु बढी बुद्धिमता हुन्छ । हाम्रा चाडपर्व, जात्राहरू सबै वर्ग, लिंग, समुदायले मनाउन सक्ने र समाजलाई स्वीकार्य भएको हुनुपर्छ...*

धर्म–संस्कृति


● झलक शर्मा

होली पर्वको सन्दर्भमा हिरण्य काश्यपुका पुत्र प्रह्लादलाई आफ्नै फुपू होलिकाले आगोमा भष्म पार्न खोज्दा स्वयं होलिका नै आगोमा भष्म भएको पौराणिक कथन छ । भगवान् विष्णुका परम्भक्त प्रह्लादलाई केही नभएको खुसियालीमा मानिसहरूले एकअर्कामाथि विभिन्न प्रकारका रङहरू लगाउने गरेका पाइन्छ । होली पर्व सबै उमेर समूहका मानिसले मनाउने भए तापनि आजभोलि युवा वर्गमा बढी लोकप्रिय छ । बालबालिकामा छुट्टै रौनक र उत्साह पनि देखिन्छ ।

नेपालमा पहाडमा अघिल्लो दिन र तराईमा भोलिपल्ट गरी होली पर्व मनाउने गरिन्छ । तराईमा पूर्णिमाको दिन होलिका दहन गरेपछि भोलिपल्ट प्रतिपदाका दिन होली मनाउने अभ्यास रहेको छ । मिथिला क्षेत्र जनकपुरमा विशेष पूजा–अर्चना र मेला लाग्ने गरेको छ ।

नेपाल सरकारले पनि दुवै क्षेत्रमा होली पर्व अर्थात् फागु पूर्णिमा मनाउनका लागि सार्वजनिक बिदा दिने गरेको छ । होली पर्व मनाउने शैलीमा आजभोलि केही पृथक्ता थपिएको छ भने केही विकृति र विसंगतिहरूले गाँजेर खल्लो बनाएको अनुभूति गर्न सकिन्छ ।



छिमेकी मुलुक भारतका चालचलनमा केही समानता देखिए तापनि अनावश्यक रूपमा भारतीय संस्कृतिको अवलम्बन गर्ने, पश्चिमेली मुलकका भद्दा शैलीहरूको देखासिकी गर्ने प्रवृत्ति बढ्दो छ । विशेषतः हाम्रा चाडपर्वमा खर्चालु संस्कृति भित्रिएको छ ।

आजभोलि आधुनिकताका नाममा चाडबाडमा आएको नकारात्मक पक्षबारे सिंगो समाज चिन्तित छ । सामाजिक संजालको बढ्दो प्रयोगले गर्दा युवायुवतीले हरेक चाडबाडलाई विशेष महत्त्व दिए तापनि यसमा भित्रिएको खराब पक्षलाई निस्तेज पार्नै पर्छ । होली पर्व सामूहिक रूपमा मनाउने भएकाले यसमा शान्ति सुरक्षा कायम राख्न सरकारलाई कठिनाइ उत्पन्न गराउन थालेको छ । होली पर्वमा इच्छाविपरीत रङ दलिदिने, फोहोर पानीले छ्याप्ने, छालालाई प्रत्यक्ष हानि गर्ने विभिन्न केमिकलहरू मिसाएर दल्ने जस्ता उच्छृंखल क्रियाकलापहरूले समाजमा स्थान पाएका पाइन्छ । त्यसमा मद्यपान, धुम्रपान सेवन गरी अमर्यादित घटनाहरू घटाउने, होहल्ला गर्ने, गुण्डागर्दी गर्ने, अनावश्यक विवाद सिर्जना गर्नेजस्ता अनुशासनहिन गतिविधिहरू विगतका होलीमा भएका देखिन्छ । केही समूहहरूले बाइक, गाडीहरूमा र्‍याली जसरी शहर घुमफिर गर्ने गर्दा ट्राफिक जाम हुने, सवारी दुर्घटना हुने गरेको पनि छ । अग्ला भवन, घरका छतहरूबाट रङ छ्याप्ने, पिच्कारी प्रयोग गर्ने परिपाटीले बालबालिकादेखि युवायुवतीको समेत जीउ–धनको क्षति भएका विगतका घटनाहरू छन् ।

होली पर्वमा शहरका मुख्य चोक र स्थानमा कन्सर्ट आयोजना गर्ने परिपाटी नै चलिआएको छ । कन्सर्टमा प्रयोग हुने स्पिकर, माइक ड्रमसेटले समाजमा ध्वनि प्रदूषण बढ्ने गरेको छ । यस्ता केही कन्सर्टहरूमा अश्लीलता प्रदर्शन, द्विअर्थी शब्दको प्रयोग भएको पाइन्छ ।

युवती एवं किशोरीहरू अर्धनग्न भई उत्तेजित पहिरन लगाई होली पर्व मनाउन शहर निस्किँदा बलात्कारमा पर्ने, यौन दुर्व्यवहारबाट पीडित हुने गरेका समेत तीतो यथार्थ छ । यसले महिलालाई असुरक्षित बनाएको महसुस गराउँछ । महिला, युवतीहरूले पनि आफूमा आइपर्न सक्ने सम्भावित दुर्व्यवहारबारे बुझ्नु आवश्यक छ । युवायुवतीले अमर्यादित रूपमा जिस्कने, हाउभाउ देखाउने, टिकटकमा भाइरल हुने खराब मनोवृत्तिले समाजमा नकारात्मक छाप छाड्ने गरेको छ । होलीलाई सही तवरबाट मनाउन नसकेको खण्डमा जनस्वास्थ्यमा समेत जोखिम निम्तिन सक्छ । यसले सांस्कृतिक परम्पराको सौन्दर्यमाथि कालो दाग लगाउने कार्य भएको छ ।

सामाजिक संघसंस्था, विद्यालय, विश्वविद्यालयमा होलीको दिनअघि नै रङ दलेर मनाउने प्रवृत्तिले समेत चाडपर्वलाई भद्दा बनाएको पाइन्छ । झन् समाजलाई नै मार्गदर्शन गराउने संस्थाले नै यस्तो प्रवृत्ति अपनाउँदा सिंगो समाजलाई नै धराशायी बनाउन खोजेको पाइन्छ ।

होली मनोरञ्जनका लागि मनाइने पर्व भए तापनि यसले सामाजिक, आर्थिक, सांस्कृतिक पक्षलाई प्रत्यक्ष असर पारेको हुन्छ । होली पर्वलाई सभ्य तरिकाले मनाउन सकेमा बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ, जसले गर्दा मुलुकमा व्यापार व्यवसाय र अर्थतन्त्रलाई उकास्न मदत पुर्‍याउँछ ।

हाम्रा चाडपर्वहरूलाई अन्तर्राष्ट्रिय भाइचारा कायम राख्न, सद्भाव अभिवृद्धि गराउने माध्यमका रूपमा पनि लिने गरिन्छ । ऐतिहासिक महत्त्व बोकेका सांस्कृतिक गौरवका चाडपर्वहरूलाई न्यायपूर्ण समाज निर्माण गर्ने प्रेरक तत्त्वका रूपमा बुझ्नु आवश्यक छ ।

विगतको तुलनामा हालैका केही वर्षहरू होली पर्व मनाउने नाउँमा केही उच्छृंखल गतिविधि, तडकभडकसहितका खर्चिला/भड्किला कार्यक्रमहरू हुने गरेका पाइन्छ । सबै जनमानसले चाडपर्व, रीतिरिवाज, चालचलन मनाउँदा एवं आफ्नो अधिकारको उपयोग गर्दा अरूको अधिकार, दैनिक जीवनयापनमा ठेस नपुग्नेगरी सांस्कृतिक पर्व मर्यादित, अनुशासित एवं व्यवस्थित ढंगले मनाउनु जरुरी छ ।

होली पर्वमा इच्छाविपरीत रङ दलिदिने, फोहोर पानीले छ्याप्ने, छालालाई प्रत्यक्ष हानि गर्ने विभिन्न केमिकलहरू मिसाएर दल्ने जस्ता उच्छृंखल क्रियाकलापहरूले समाजमा स्थान पाएका पाइन्छ । त्यसमा मद्यपान, धुम्रपान सेवन गरी अमर्यादित घटनाहरू घटाउने, होहल्ला गर्ने, गुण्डागर्दी गर्ने, अनावश्यक विवाद सिर्जना गर्नेजस्ता अनुशासनहीन गतिविधिहरू विगतका होलीमा भएका देखिन्छ...

कोही कसैले यस्ता अमर्यादित, उच्छृंखल, अबाञ्छित एवं गैरकानुनी क्रियाकलाप गरेमा प्रचलित कानुनहरू, ऐन, सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ र नियमावली, २०३३ बमोजिम कारबाही हुने व्यवस्था छ ।

त्यस्तै, सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायबीचको सु–सम्बन्ध तथा शान्ति कायम गर्न मुलुकी अपराध संहिता, २०७४ को समेत व्यवस्था छ । ऐन, कानुनको व्यवस्था गरेर मात्र चाडपर्वहरूको मौलिकता जोगाउन सकिन्छ भन्ने होइन । यसमा नागरिक सचेतना अभिवृद्धि गर्दै चाडपर्वहरूका मूल्य, मान्यतालाई हृदयंगम गर्नु आवश्यक छ । नराम्रा पक्षलाई निरूत्साहित गर्दै राम्रा पक्षलाई स्वागत गर्नु बढी बुद्धिमता हुन्छ । हाम्रा चाडपर्व, जात्राहरू सबै वर्ग, लिंग, समुदायले मनाउन सक्ने र समाजलाई स्वीकार्य भएका हुनुपर्छ । त्यसैले, चाडपर्व मनाउने स्वरूप र शैलीहरू अनुशासित, मर्यादित र सामाजिक हुन आवश्यक छ । चाडपर्वमा सार्वजनिक मर्यादा कायम राख्न तीनै तहका सरकार, नेपाल प्रहरी, स्थानीय स्तरमा गठित समाजिक संघसंस्था, क्लब, समूह एवं नागरिक समाजमा क्रियाशील सचेतकको भूमिका हुनु अपरिहार्य छ । होली पर्वले सबैको मनमा शान्ति र उमंग छाओस् ।

## इतिहासमा आज

१४ मार्च २०१८ मा फिनल्यान्डलाई विश्वको सबैभन्दा खुसी देशका रूपमा दर्ज गरिएको थियो र बुरुन्डी विश्व खुसी रिपोर्टमा सबैभन्दा दुखी थियो ।



१४ मार्च १९२३ मा वारेन जी. हार्डिङले कर तिरेर अमेरिकामा कर तिर्ने पहिलो राष्ट्रपतिका रूपमा नाम लेखाएका थिए ।



१४ मार्च १९१४ मा सर्बिया र टर्कीबीच शान्ति सन्धिमा हस्ताक्षर भएको थियो ।



१४ मार्च २०१३ मा इराकको बगदादमा भएको शृंखलाबद्ध कार बम विस्फोटमा २५ जनाको मृत्यु भएको थियो भने ५० जना घाइते भएका थिए ।



# असल र लगनशील मोहनाथ काका !

ओबिच्युअरी


● बी. बी. रोका

केही मानिसहरू जीवनमा अविष्मरणीय हुन्छन् । सामाजिक हिसाबले, आत्मीय हिसाबले वा मार्गदर्शकका हिसाबले अभिभावकीय भूमिकामा रहेका हुन्छन् ।

मेरो जीवनमा यस्तै एक व्यक्ति आउनुभयो अचानाक । म एउटा तन्नेरी वयको युवा, १९–२० वर्षको । उहाँ परिपक्व मेरो बुबा समानको उमेरको हुनुहुन्थ्यो । सम्भवतः २०४९–०५० सालतिर हुनुपर्छ, बागबजारमा एक जना यस्तै व्यक्तिसँग मेरो भेट भयो । उहाँ हुनुहुन्थ्यो– मोहनाथ शर्मा, जसलाई मैले 'मोहनाथ काका'को रूपमा सम्बोधन गरें ।

बागबजारको एउटा होटल, जुन होटल म्याग्दीकै एक जना दाइले संचालन गर्नुहुन्थ्यो । काका त्यही होटलको पहिलो तल्लाका २ वटा कोठा लिएर बस्ने गर्नुहुन्थ्यो र गाउँघरतिरबाट आएका युवाहरूलाई विदेश जान सहयोग गर्ने गर्नु हुन्थ्यो । त्यसबेला बस छुट्ने बसपार्क त्यही बागबजार भएकाले काठमाडौंबाहिरबाट बसाइ, भेटघाट गर्ने ठाउँ त्यही थियो ।

म लगनखेल दिदीको घरमा बस्थें । मसँग मोटरसाइकल थियो, त्यही लिएर दिउँसो घुमी हिँड्थे । म फुर्सदिलो थिएँ । मेरो घुमन्ते समयकै क्रममा उहाँसँग भेटघाट भयो । मलाई फुर्सदमा बसेको देखेर उहाँले भन्नुभयो, 'बाबू, मलाई त्यो ठाउँ पुर्‍याइदिनुहुन्थ्यो कि !'

म पनि फुर्सदमै भएकाले यताउता उहाँसँग हिँड्न थालें । कहिलेकाहीँ मोटरसाइकलमा पेट्रोल पनि हालिदिएर सहयोग गर्नुहुन्थ्यो । युवा अवस्थामा त्यसले मलाई धेरै राहत पनि मिल्थ्यो ।

उहाँसँग हिँड्न थालेको पनि २–३ महिना नै भएछ । कहिलेकाहीँ मेरो स्कुलका 'हेड सर' शिव सरसँग पनि त्यहीँ भेट हुन्थ्यो । होटलवाला दाइ शर्मा काका र शिव सर गाउँले हुनुहुन्थ्यो । म घुमी हिँडेको देखेर शिव सरले उहाँहरूका अगाडि 'भीम त हाम्रो स्कुलको राम्रो विद्यार्थी हो । एस. एल. सी.मा प्रथम श्रोणीमा उच्च अंक लिएर म्याग्दी जिल्ला टप गरेको, इन्जिनियरिङ कलेज पढ्न गएको केटो' भन्नुहुन्थ्यो । मलाई जागिर भन्दा पनि स्वतन्त्र व्यापारले आकर्षित गरिरहेको थियो । त्यसै बीच मैले विवाह पनि गरें । विवाहपछि शर्मा काका र मेरो भेटघाट पातलिँदै गयो ।

त्यही क्रममा मेरो एक जना साथी, जो तनहुँका हुनुहुन्छ, हाल जर्मनी बस्नुहुन्छ, राजन अधिकारी, मलाई म्यानपावर व्यवसायमा भिर्त्याउने श्रेय उहाँलाई नै जान्छ । उहाँ ठमेलमा ट्राभल एजेन्सी चलाउनुहुन्थ्यो । एकदिन उहाँले 'भीमजी, म्यानपावर कम्पनी किन्ने हो ?' भनेर सोध्नुभयो ।



शर्मा काकासँग २–३ महिनाको संगतले तत्कालीन म्यानपावर कम्पनी र संचालकलाई अलिअलि भए भनि चिन्ने र बुझ्ने मौका पाएको थिएँ । त्यस बेलाका लोटस म्यानपावरका संचालक पूर्ण राई (हाल राज ओभरसिसका संचालक), राजेन्द्रवीर राय (रारा म्यानपावर), स्वर्गीय बाबा कृष्ण गुरुङ (सांग्रिला म्यानपावर), अब्दुल सतार (तत्कालीन एसियन म्यानपावर, हाल मिडलइस्ट म्यानपावरका संचालक)को संगतले मलाई म्यानपावरप्रति अलिकति रुचि त लागेको थियो तर के कसरी संचालन हुन्छ, कानुनी प्रक्रिया के कसो हो भन्नेबारे केही थाहा थिएन । मैले उहाँलाई भनें, 'मलाई त केही आउँदैन ।' उहाँले केही चिन्ता नलिन र १ जना अनुभवी तत्कालीन फाहद म्यानपावरमै काम गरिरहनुभएका उहाँका गाउँले आफन्त भएको बताउनुभयो । मैले आफ्नो भागको पैसा हाले मात्र हुने, बिस्तारै काम सिक्दै गइने भन्नुभयो ।

त्यसपछि हुनेवाला पार्टनर कृष्णहरि अधिकारीजी, तत्कालीन म्यानपावर दि गोर्खा रिइम्प्लोइमेन्ट प्रा.लि.का संस्थापक बलबहादुर गुरुङसँग भेट भयो । अधिकारीजी म्यानपावरको अनुभवी लाग्यो, गुरुङजी पूर्व निवृत्त आर्मीको हुनुहुँदो रहेछ । कृष्णहरिजीकै गाउँका वकिल नारायण गौलीको सहयोगमा सबै कागजपत्र मिलाउने काम भयो । पैसा पनि आफ्नो भागको दिएर कम्पनी रजिस्ट्रारको कार्यालयबाट काम सम्पन्न गरियो ।

तत्कालीन अवस्थामा साउदीको भिसा लगाउन बंगलादेशको ढाकास्थित साउदी दूतावास जानुपर्थ्यो । साउदीको भिसासम्बन्धी काम गर्नका लागि म कम्पनी संचालकको हैसियतले बंगलादेशस्थित नेपाली राजदूतावासको सिफारिस बनाएर भिसा स्ट्याम्पिङको काम हेर्न थालें ।

यसरी २ वर्षजति बितेको थाहा नै भएन । तर, अचानक कृष्णहरि अधिकारीजीले कम्पनी एक्लै संचालन गर्ने इच्छा गर्नुभयो । त्यसपछि मैले त्यो कम्पनी छाडेर अर्को कम्पनी खोल्ने निर्णय गरें ।

सायद, सन् १९९५–९६ तिर हो, म भर्खर २२–२३ वर्षको केटो । एक्लै काम गर्ने आँट पनि आएन । त्यहाँ लगभग २ वर्षको अनुभवले कम्पनी दर्ता र संचालन गर्ने तरिका बुझिसकेको थिएँ । मलाई अफिस हेर्न १ जना पाको मान्छेको जरुरत थियो । फेरि मैले शर्मा काकालाई नै सम्झिएँ ।

उहाँ त्यतिबेलासम्म यस्तै काममा सक्रिय हुनुहुन्थ्यो । मैले उहाँलाई पार्टनरसिपका लागि प्रस्ताव गरें । उहाँले स्वीकार गर्नुभयो । हामी एउटै जिल्लावासी पनि थियौं । उमेरले पाको शर्मा काका मेरा लागि एकदम सही छनोटको ब्यक्ति हुनुहुन्थ्यो । हामीले म्यानपावर खोल्न लागेको थाहा पाएपछि विष्णु राणा दिदी, जो वरदान ट्राभल्सको संचालक हुनुहुन्थ्यो, हामीले टिकटहरू उहाँबाट नै प्रायः काट्ने गर्थ्यौं । उहाँले पनि इच्छा देखाउनुभयो र आफ्नो छोरा राजीव लक्की भएको भन्दै उनका नाममा अलिकति शेयर लिने बताउनुभयो ।

त्यसरी मोहनाथ शर्मा, भीम रोका र राजीवविक्रम राणा ३ जना शेयर होल्डर हुनेगरी कम्पनी स्थापना गर्ने निर्णय गरियो । दर्ता प्रक्रियाका लागि मित्र शम्भु निरौलाजीलाई जिम्मा दिइयो । बरिष्ठ अधिवक्ताकोरुपमा शम्भुजी आजका दिनमा पनि हाम्रो छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कानुनी सल्लाहकार हुनुहुन्छ ।

अब नाम के राख्ने ? दुविधा भयो । नामबारे अन्तिममा हाम्रो नै नाम झल्किनेगरी मोहनाथबाट 'मो', भीमबाट 'भी' र राजीवबाट 'रा' गरी 'मोभिरा' नामकरण गर्ने प्रस्ताव गरें मैले । उहाँहरूले पनि स्वीकार गर्नुभयो ।

यसरी विधिवत रूपमा म उहाँसँग मिलेर काम गर्न थालें । उहाँ अनुभवी हुनुहुन्थ्यो । मार्गदर्शन गर्न सक्ने राजीवजी स्थापना मात्रको पार्टनर हुनुहुन्थ्यो । विष्णु दिदीलाई खासै समय हुँदैनथ्यो । त्यसैले, संचालकको जिम्मेवारी हामी २ बीच थियो । यसरी लगभग २ वर्षजति राम्रो काम गरियो तर यसबीचमा अकल्पनीय, अप्रिय र गर्दै नगरेको घटना भयो । त्यसपछि उहाँले एक्लै कम्पनी संचालन गर्ने इच्छा गरेपछि सन् २००० तिर मोभिरा उहाँलाई जिम्मा दिएर नयाँ कम्पनी याक्का ओभरसिज स्थापना गरी हामी छुट्टियौं ।

उहाँहरूको संगतले मलाई धेरै सिक्ने मौका मिल्यो । मोहनाथ काका र म हामी २ जति सुख–दुःखमा नजिक सायदै अरू कोही होला । उहाँ वास्तवमै दुःख, धैर्य र काममा इमान्दार, सहनशील र सिधा हुनुहुन्थ्यो । मैले देखे बुझेअनुसार उहाँमा स्कुल, कलेजको शिक्षा नभए पनि व्यावहारिक शिक्षामा साह्रै पोख्त हुनुहुन्थ्यो । उहाँ एक्लो योद्धा हो, एक्लै लडेर अघि बढ्नुभयो । उहाँलाई भित्रदेखि सहयोग गर्ने कोही मान्छे नहुँदा पनि उहाँ कसरी सफल हुनुभयो ? यसमा उहाँको इमान्दारी, लगनशीलता र सोझोपन महत्त्वपूर्ण छ । यसका बाबजुत पनि उहाँले जे गर्नुभयो, धेरै गर्नुभयो ।

असल र राम्रा मान्छे भगवान्का चाँडै प्यारा हुन्छन् भनेजस्तै भयो । एक जना भद्र, असल, इमान्दार र लगनशील मोहनाथ काकाको गत माघ ११ गते भएको असामयिक निधनले म साँच्चै नै मर्माहत भएँ । उहाँको आत्माले चिर शान्ति पाओस् । भगवान्ले परिवारलाई यस दुःखद घडीमा धैर्य धारण गर्ने क्षमता प्रदान गरून् । मेरा प्रिय शर्मा काकालाई सतत श्रद्धाञ्जलि !

**(लेखक रोका याक्का ग्रुपका अध्यक्ष हुन् ।)**

# जनताका गुनासा सम्बोधनमा सन्धिखर्क नगरपालिका

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ फागुन

अर्घाखाँची सन्धिखर्क नगरपालिकाले जनताका गुनासा सम्बोधन गर्न थालेको छ। स्थानीयबासीहरु रभित्रका नागरिकको स्वास्थ्य, शिक्षा, रोजगारप्रति संवेदनशील बन्दै गएको बताउँछन्। नगरपालिकाभित्र सेवा प्रवाह, विकास निर्माणको काम द्रुर्त गतिमा अगाडि बढाउँदै नागरिकहरुको स्वास्थ्य, शिक्षा, रोजगारमा समेत संवेदनशील हुँदै जनविश्वास दिलाउन रचनात्मक कामहरु सञ्चालन गर्दै आएको सन्धिखर्क नगरपालिकाका मेयर कृष्णप्रसाद श्रेष्ठले बताए।

नागरिकहरुको स्वास्थ्यलाई विशेष केन्द्रमा राखेर सबै वडाका जनतालाई विशेषज्ञ स्वास्थ सेवा दिने गरी प्रत्येक वर्ष निःशुल्क विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य शिविर सञ्चालन गरिएको मेयर श्रेष्ठले बताए। यस्तै जिल्लाका विभिन्न स्थानहरुमा सडक कालोपत्रे गर्ने, बजारमा सडक बत्तीहरु जडान गरी झिलिमिलि पार्ने, वडा कार्यालयहरु निर्माण गरी जनताको चाहना अनुसारको सेवा दिने, सार्वजनिक सम्पत्तिहरुको संरक्षण गर्ने, बजार क्षेत्रका सडकहरु चौडा पार्ने, पर्यटकीय क्षेत्रहरुको संरक्षण गर्ने, किसानहरुलाई उत्पादनको आधारमा अनुदान दिने, विभिन्न प्रकारका सीपमुलक तालिमहरु दिने, महिला, जनजाति, आदिवासी, अपाङ्ग, जेष्ठ नागरिकहरुलाई घरमा पुगेर सेवा दिने, नगरपालिकाभित्र हराभरा बनाउने, सबै वडाहरुमा एकरुपताका साथ विकास गर्ने जस्ता कामहरु नगरपालिकामा भइरहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले जानकारी दिए।




यहाँका वडामा सञ्चालन गरिएका विभिन्न प्रकारका सीपमूलक तालिमहरुबाट हजारौं नगरबासीले विभिन्न प्रकारको सेवा लिन सफल भएको नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यले जानकारी दिइन्। नगरपालिकाले वडाका जेष्ठ नागरिकहरुलाई घर-घरमा पुगेर सेवा प्रदान गर्दै आएको छ भने उनीहरुको सुरक्षा भत्ता कार्ड रिन्यु समेत गरी घरमा पुऱ्याइदिने, जनतालाई सेवा दिनका लागि सबै वडामा पुगेर एकीकृत घुम्ती शिविरमार्फत योजना सम्झौता गर्ने, जेष्ठ नागरिक परिचयपत्र, अपांग परिचयपत्र दिने, परामर्श सेवा लगायत नगरबाट दिने, सबै सेवा सुविधा वडाहरुमाबाट दिने, वाडहरुमा राजस्व लिने जस्ता महत्वपूर्ण कामहरु गरेपछि नगरबासी खुसी भएको राजश्व शाखा प्रमुख मुक्ति खनालले बताए।

नगरपालिकामा भुसाल प्रमुख प्रशासकीय अधिकृत बनेर आएपछि मुस्कानसहितको सेवा, कुनै पनि सेवाग्राही कामका लागि कार्यालयमा पुगेको ५ मिनेट भन्दा बढी बस्न नपर्ने गरी अहिले कामहरु अगाडि बढाएको पाइएको सेवा लिन कार्यालयमा आएका सन्धिखर्क ३ का गफार मियाले बताए।

नगरपालिकाले अपाङ्गता भएका नागरिकहरुलाई घरमै गइ उनीहरूको माग बमोजिमका सामग्रीहरू वितरण गर्ने, नागरिकहरुको गुनासो तथा सुझावहरू संकलन गर्ने, कृषकहरूसँग छलफल गर्ने, जेष्ठ नागरिकसँग छलफल गर्ने, ८० वर्ष माथिका जेष्ठ नागरिकलाई घरमा पुगेर सम्मान गर्ने भ्रष्टाचार नियन्त्रण गर्ने, वैशाखभित्र सबै योजना सम्पन्न गर्न ताकेता गर्ने जस्ता कामहरु नगरपालिकाबाट भएको योजना अधिकृत दिलिप केसीले बताए।

**UAE मा रोजगार** Tekfen Landscape And Gardening Services L.L.C.S.P.C

पूर्व स्वीकृती मिति: २०८१/११/२८ | चलानी नं. ६०२३४३९१ | LT No.: 320161

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Cleaners | 10 | 0 | | 1100 | ४१,७००/- | | | | | छ | | |
| २. | Male Cleaner | 5 | 0 | | 1100 | ४१,७००/- | | | | | | | |
| ३. | Window Male Cleaner | 20 | 0 | | 1200 | ४५,५००/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | १०,०००/- |

**अन्तरवार्ता २०८१ चैत्र ८ गते (21 March, 2025) यस प्रा. लि. को कार्यालय कोटेश्वर काठमाडौंमा हुनेछ।**

**MARHABA INTERNATIONAL OVERSEAS PVT.LTD.**
Govt Lic. No: 1734/081/082
Koteshwor Chowk, Kathmandu, Tel: 01- 5924220, 9841576232, 9808655502, 9763694020, 9801837479, Itahari : 9802757887, Email : overseasmarhaba@gmai;.com

**कुबेतमा रोजगार** कम्पनी : SHAWARNA HATEM ORIGINAL RESTAURANT COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/११/२८ | चलानी नं.: ६०२३४४०४ | LT. No. : 320243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Ladies) | 0 | 5 | सम्बन्धित काममा दक्ष | 100 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Male) | 20 | 0 | | 100 | ४५,१८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ८ गते (21 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Prakash Human Resource Pvt. Ltd.** श्रम इजाजत नं. १६५०/०८०/०८१
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201, Mob : 9801358362/ 9801358363 9801358364, E-mail: info@prarkashhumanresource.com, Website: www.prakashhumanresource.com

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## कोशी अस्पताल
**बिराटनगर, मोरङ**

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२९**

यस अस्पतालबाट तपशिल बमोजिको सूचना प्रकाशन गरी विद्युतीय बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयाबधि भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारका बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | स्विकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक रु. मू. अ. कर सहित |
|---|---|---|---|---|
| १ | KH/NCB/M-४/२०८१-०८२ | Laparoscopy Full HD System for Endo Urology | श्री इष्ट वेष्ट कन्सर्न प्रा लि, बालुवाटार, काठमाण्डौ | ९७,८५,०००.०० |

**प्रमुख मेडिकल सुपरिडेन्टेण्ट**

## Dordi Rural Municipality
## Office of the Municipal Executive
**Nauthar, Lamjung**

### Invitation for Bids No: DORDI/NCB/W/04/081/082

**Date of publication: 2081/12/01 (14th March 2025)**

1. Dordi Rural Municipality, Lamjung invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Archalbot Brihat Sanskritik Dharmik Paryatan Purwadhar Nirman Lamjung including Construction of Temple, Aashram Bhawan, Trail Road etc at Archalbot-2 in Dordi rural Municipality under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 85,84,561.31 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar-Lamjung or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Global IME Bank**
   **Name of Office: Dordi Rural Municipality**
   **(GA .1.1 Aantarik Rajaswo Khata Dordi for bid document fee): 24404010000008**
   **GA.3.1 Dharauti Khata Dordi: - 24404010000002 (For Bid Security)**
   **Office Code No: 11019301**
   **Rajaswo Shirsak no: 14229**
4. Pre-bid ameeting shall be held at documents at the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar, Lamjung at 03-04-2025 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office of Dordi Rural Municipality, Office of the Municipal Executive, Nauthar, Lamjung through PPMO website www.bolpatra.gov.np/egp on before 14-04-2025 12:00 hrs. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-04-2025 13:00 at the office of Dordi Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 2,40,000 (0.24 million) which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
## डिभिजन वन कार्यालय
**रुकुम पश्चिम**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/१२/०१**

डिभिजन वन कार्यालय रुकुम पश्चिमको तपशिल बमोजिमको योजना निर्माण कार्यको लागि मिति २०८१/१०/१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार निर्धारित समय भित्र विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु खोली मूल्याङ्कन गर्दा तपशिलको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतीको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| NCB/DFORW/Work/02/2081-082 | Construction Of Chaurjahari Tourism Infrastructure Development Project Chaurjahari 2 & 4 Rukum West. | M/S B.M.S.P Multipurpose P (Ltd)., Chaurjahari-02, Rukum West. | 95,12,790.65 |

**कार्यालय प्रमुख**

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## स्वास्थ्य सेवा निर्देशनालय
## स्वास्थ्य सेवा कार्यालय
**मान्म, कालिकोट**

### सेवा करारमा लिने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित २०८१ चैत १ गते शुक्रबार)**

स्वास्थ्य सेवा कार्यालय कालिकोट अन्तर्गत कालिकोट अस्पताल लागि देहाय बमोजिमका तहका पदहरुमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजे सम्म दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद नाम | तह | सेवा / समुह | माग संख्या |
|---|---|---|---|---|
| २-०८०/०८१ | रेडियोग्राफर | ५ | स्वास्थ्य/रेडियोग्राफी | १ |
| ३-०८०/०८१ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | १ |

नोटः सूचना बारे विस्तृत रुपमा बुझ्नुपरेमा यस कार्यालयको website:hsokalikot.karnali.gov.np हेर्नुहुन अनुरोध छ।

**डा. भिष्म प्रसाद पोखरेल**

## Dharmadevi Municipality
## Office of the Municipal Executive
**Mude Sanischare, Sankhuwasabha**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Invitation for Bids No.: DDM/13-081/082**
**Date of publication: 14-03-2025 00:00**

1. Dharmadevi Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of Boundary Wall, Retaining Wall of Dharmadevi Mandir. under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 85,96,733.42 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Dharmadevi Municipality, Shankhuwasava, Koshi Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of 3,000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| S.N. | Particulars | Details |
|---|---|---|
| 1 | Name of the Bank | Nepal SBI Bank Ltd. |
| 2 | Name of Office | Dharmadevi Municipality |
| 3 | Account Name | Ga 1.1 Aantarik Rajashwa Khata |
| 4 | Office Account No. | 41395241207004 |
| 5 | Rajaswa (revenue) Shirshak No. | 14229 |

4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Dharmadevi Municipality, Sankhuwasabha, Koshi Pradesh, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 13-04-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13-04-2025 12:05 at the office of Dharmadevi Municipality Sankhuwasabha Koshi Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 2,45,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# 'कर्मा'मा मुकुनको क्यारेक्टर लुक्स सार्वजनिक




**काठमाडौं/मस-** चलचित्र 'कर्मा'का कलाकार मुकुन भुसालको क्यारेक्टर लुक्स सार्वजनिक भएको छ। निर्माण पक्षले होलीको अवसर पारेर मुकुनको क्यारेक्टर लुक्स सार्वजनिक गरेको हो।

तिलचामले कपाल र दाह्री-जुँगामा ठाँटिएका मुकुन हेन्डसम देखिएका छन्। कोट र टाईमा देखिएका उनी एंग्री लुक्समा छन्। उनको हेराइले बदलाको चरणमा उनी रहेको संकेत गर्छ।

उनको यो लुक्सले उनी खलपात्रको रूपमा चलचित्रमा रहेको प्रस्ट पार्छ। ग्रे जोनमा बस्ने खलपात्र रहेका हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ। होलीको अवसरमा क्यारेक्टर लुक्स आएकाले शुभकामना हो वा चलचित्रमा नै होलीको सिन छ, त्यो भने निर्माण पक्षले प्रस्ट पारेको छैन।

तर, तराईमा सिनेमा खिचिएकाले होलीको दृश्य हुन पनि सक्ने सामान्य अनुमान गर्न भने सकिन्छ। यसअघि निर्माण पक्षले उपासनासिंह ठकुरीको लुक्स पनि सार्वजनिक गरेको थियो, जहाँ उनी कुर्था-सुरुवालमा देखिएकी थिइन्।

'कर्मा'लाई 'अगस्त्य' फेम्ड निर्देशक सौरभ चौधरीले निर्देशन गरेका छन्। 'कर्मा'को छायांकन दाङ र काठमाडौंमा गरिएको छ

चलचित्र 'कर्मा' २९ चैतमा रिलिज हुँदै छ। नेपाल र विदेशमा यो चलचित्र एकसाथ प्रदर्शन हुने छ। एक्सन जनरामा निर्माण भएको 'कर्मा' विपीनको पहिलो एक्सन सिनेमा हो।

'कर्मा'मा विपीनसँगै उपासनासिंह ठकुरी, मुकुन भुसाल, दिव्यदेवलगायत कलाकारको अभिनय छ। एक्सन ड्रामा जनरामा निर्माण भएको सिनेमाको कथा निर्देशक चौधरी स्वयंले लेखेका छन्।

'कर्मा'को अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार विक्रीको अधिकार सेभेन सिज सिनेमाले लिएको छ। केही समयअघि सार्वजनिक पोस्टरले दर्शकमाझ उत्सुकता बढाएसँगै ओभरसिज मार्केटमा पनि दर्शकमा 'कर्मा'प्रति चासो रहेको सेभेन सिज सिनेमाले बताएको छ।

आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहने 'कर्मा'मा वसन्त लम्सालको लगानी छ। निर्देशक चौधरीको 'अगस्त्य : च्याप्टर १'ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो। निर्माण पक्षले 'कर्मा'को टिजर आज शुक्रबार सार्वजनिक गर्ने तयारी गरेको छ।

# 'राजगंज'को प्रिमियर सम्पन्न




**काठमाडौं/मस-** चलचित्र 'राजगंज'को बिहीबार साँझ प्रिमियर गरिएको छ। काठमाडौंको बिग मुभिज्मा बुधबार साँझ गरिएको प्रिमियरमा चलचित्रकर्मीसँगै राजनीतिकर्मीहरूको पनि उपस्थिति थियो। प्रिमियरमा पुगेका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले चलचित्रको अंश काटिँदा चलचित्रमाथि अन्याय भएको बताए। 'फिल्मका केही महत्त्वपूर्ण अंशहरू काटिएको छ भन्ने सुनें। कति काटिएको हो ? यदि मुख्य अंश काटिँदा फिल्मको टाउकै काटिएजस्तो हुन्छ। त्यसो गर्नु उपयुक्त हुँदैन। हाम्रो सविधानले अभिव्यक्ति स्वतन्त्रता दिएको छ। मिहिनेत गरेर बनाएको फिल्मको आधारभूत पक्ष नै काटियो भने फिल्ममाथि नै अन्याय हुन्छ। त्यस हिसाबले पनि बेठीक हुन्छ।'

यस्तै, चलचित्र हेर्न पुगेकी कलाकार केकी अधिकारीले मधेशको कथा बोकेको चलचित्र शक्तिशाली रहेको बताइन्। उनले भनिन्, 'चलचित्र सशक्त माध्यम हो, जहाँ लुकेर रहेका विभेदहरूलाई देखाउन सकिन्छ। यसको बलियो प्रस्तुतिले चलचित्रमार्फत समाज यस्तो हुन सक्छ भन्ने उदाहरण पनि दिन सक्छ। धेरै महिला कलाकार भएका कमै देखिन्छ। यो खालको चलचित्र बनाइनुपर्छ।'

कलाकार नाजिर हुसेनले विभेद जहाँ पनि हुने गरेको भन्दै त्यसको अन्त्यका लागि चलचित्र बनेको बताए। उनले कला स्वतन्त्र हुने भन्दै चलचित्रमा सेन्सर लगाउँदा कला मर्न जाने पनि बताए।

नायिका ऋचा शर्माले राम्रो प्रतिक्रिया पाउँदा खुसी लागेको बताइन्। निर्देशक दीपक रौनियारले सिनेमा सेन्सर झमेलामा केही दुःख लागे पनि अहिले प्रिमियर शोमा मिलेको प्रतिक्रियाले खुसी मिलेको बताए।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
बबरमहल, काठमाडौं

**सचिवालयबाट प्रदान हुने सेवाहरुको बारेमा सूचना**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि एवं कामदारको परिवारलाई बोर्डबाट देहाय बमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ।

- कामदार विदेश वा नेपालमा समेत बिरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रुपैयाँसम्म आर्थिक सहायता।
- कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँ सम्म औषधी उपचार सहयोग।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवम् फौजदारी अभियोग लागि कानूनी सहायता आवश्यक परेमा कानूनी प्रतिरक्षा सहायता।
- महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिम वापत तिर्नुपर्ने शुल्क सोधभर्ना।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवम् त्रिभुवन विमानस्थलबाट इच्छाईएको सडक पुगेको स्थलसम्म निःशुल्क शव ढुवानी सेवा।
- मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्ष भित्र मृत्यु भए रु.७ लाख र सो अवधि पछि मृत्यु भएको भए २५ हजार रुपैयाँ आर्थिक सहायता प्रदान।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरुलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरु।

उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमबाट सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क विवरण:**
**वेब साईट** : www.feb.gov.np http://shramadhan.moless.gov.np; facebook.com/molcallcenter
**इमेल** : info@feb.gov.np; welfare@feb.gov.np; callicenter@feb.gov.np
**श्रमाधान (कल सेन्टर):** १९४१, १६६००१५०००५ (NTC बाट निःशुल्क)

**UAE मा रोजगार**
कम्पनी : BEAUTY LOUNGE CENTER LLC — शहर : ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/११/२९ — चलानी नं.: ६०२३४४१४ — LT. No.: 320303

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MANICURIST (FEMALE) | 0 | 1 | स. काममा दक्ष | 1200 | ४५,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ८ गते (21 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

PREMIUM HR — **Premium Human Resource Pvt. Ltd.**
Govt. Lic. No. 1631/080/081
Samakhusi-3, Kathmandu, Tel : 01-5917815, 5917814, 9801080183, 9801029663 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096
Email: hr@premiumhr.com.np Web: www.premiumhr.com.np

**युएईमा रोजगार**
कम्पनी : SENTINELS SECURITY SERVICES LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०८/१३ — चलानी नं.: ६०२२८८०८ — LT. No.: 314481 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ६०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Security Guard | 0 | 1 | | 1600 | ६०,६५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ८ गते (21 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.** इजाजत नं.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 9808818851, 9816060051.
984178115, 9851015421, 9808818851, 9816060051 E-mail: cm.seagull55@gmail.com

**युएईमा रोजगार**
कम्पनी: MARINA FACILITIES MANAGEMENT LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/११/२९ — चलानी नं.: ६०२३४४१३ — L.T. No.: 320299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 100 | 0 | स. काममा दक्ष | 800 | ३०,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ८ गते (21 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**S. P. M. OVERSEAS PVT. LTD.** Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८१/१२/०१ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पुर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

